# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २५८ | काठमाडौं | सोमबार, २९ पुस २०८१ | Prabhab National Daily | Monday, January 13, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# रवि न्यायिक हिरासतमा



**आइतबार जिल्ला अदालत काठमाडौंबाट बाहिरिने क्रममा प्रहरी घेरामा रवि लामिछाने ।** *तस्बिर: रासस*

■ **जेबी योञ्जन**

**काठमाडौं–** स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी ठगी मुद्दाका आरोपी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने फेरि थुनामा पुगेका छन् । उनलाई काठमाडौं जिल्ला अदालतका न्यायाधीश माधवप्रसाद अधिकारीले आइतबार छाड्न अस्वीकार गरे । यससँगै उनी प्रहरी परिसर काठमाडौंको हिरासतमा पुगेका छन् ।

अब उनी थुनछेक बहस नसकुञ्जेलसम्म हिरासतमै रहने छन् । कास्की जिल्ला अदालतले ६५ लाख रूपैयाँ धरौटीमा उनलाई शुक्रबार छाडेको थियो । दुई दिनपछि नै उनी फेरि प्रहरी हिरासत पुगेका हुन् । काठमाडौं जिल्ला अदालतमा उनीविरुद्ध सहकारी ठगी र संगठित अपराधका गरी दुईवटा मुद्दा छन् ।

उनलाई उनका कानुन व्यवसायीहरू रमनकुमार श्रेष्ठ र सुशील पन्तले परिवार वा कानुन व्यवसायीको जिम्मामा छाड्न न्यायाधीश अधिकारीसमक्ष माग गरेका थिए । 'यसअघि प्रतिवादीलाई जिम्मा लगाएको उदाहरण र कानुनी व्यवस्था पनि

- न्यायाधीश माधवप्रसाद अधिकारीद्वारा रविलाई छाड्न अस्वीकार
- थुनछेक बहस बाँकी भएकाले प्रहरीलाई जिम्मा लगाइयो
- थुनछेक बहस नसकुञ्जेलसम्म हिरासतमा रहने निश्चित
- कास्की अदालतले लामिछानेलाई ६५ लाख धरौटीमा छाडेको थियो
- लामिछानेमाथि स्वर्णलक्ष्मी सहकारीको एक अर्ब १९ करोड ४९ लाख २१ हजार रूपैयाँ संगठितरूपमा अपचलन गरेको आरोप
- आफूलाई राजनीतिक प्रतिशोध लिएर मुद्दा दर्ता गरिएको रविको दाबी

छ श्रीमान् । त्यही भएर छाड्नुपर्‍यो,' पूर्वमहान्यायाधिवक्तासमेत रहेका श्रेष्ठको माग थियो ।

उनका अर्का कानुन व्यवसायी पन्तले पनि कास्कीमा धरौटीमा छुटेको सन्दर्भ जोड्दै छाड्न आग्रह गरेका थिए । उनले भनेका थिए, 'कास्कीबाट प्रहरीले नै छाडेको हुनाले प्रहरीलाई जिम्मा लगाउनुपर्ने अवस्था होइन । उहाँ भागेर जाने मान्छे पनि होइन ।'

आरोपी रवि लामिछानेले पनि आफूलाई छाड्न न्यायाधीश अधिकारीसमक्ष आग्रह गरेका थिए । उनले आफूलाई फेरि हिरासतमा नपठाइदिन भनेका थिए । 'मेरा लागि समय धेरै महत्त्वपूर्ण छ श्रीमान् । मलाई फेरि थुनामा नपठाउनुहोला,' न्यायाधीश अधिकारीको एकल इजलासमा रविको माग थियो । उनले थुनछेक बहस ढिलागरी भए पनि आइतबार नै गर्नुपर्नेमा जोड दिएका थिए ।

तर, उनले भनेजस्तो भएन । उनको मागदाबीलाई न्यायाधीश अधिकारीले सुनुवाइ गरेनन् । सहकारी ठगी मुद्दामा यसअघि जसरी आरोपीहरूलाई न्यायिक हिरासतमा राखिन्थ्यो, त्यसरी नै रविलाई राख्न आदेश दिए ।

न्यायाधीश अधिकारीको आदेशसँगै लामिछाने थुनछेक बहस नसकुञ्जेलसम्म हिरासतमा रहने निश्चित भएको छ ।

क्रमशः पृष्ठ २ मा

अध्यादेश प्रकरण

# सभामुख र कांग्रेसको गम्भीर मौनता, रास्वपा रविकै बचाउमा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** विगतमा नेपाली कांग्रेसले एमाले अध्यक्ष केपी शर्मा ओलीलाई लगाइदिएको एउटा ट्याग हो– अध्यादेशका नाइके । हुन पनि जबजब ओली सरकारको नेतृत्वमा पुग्छन्, तबतब केही न केही अध्यादेश ल्याइहाल्छन् । यस्तो अध्यादेश फिर्ताका लागि कांग्रेसले न्वारनदेखिको बल लगाएर आन्दोलन गर्थ्यो ।

यसपटक भने गज्जबको संयोग के भयो भने कांग्रेस आफैं ओलीलाई टेको दिएर सरकारमा छ । सदन छलेर धमाधम अध्यादेश ल्याउँदा पनि कांग्रेस मौन बस्न बाध्य देखिन्छ । हुन त कांग्रेसको स्वीकृतिविना अध्यादेश ल्याउनसक्ने कुरै भएन, तर लोकतन्त्रको पहरेदार दाबी गर्ने कांग्रेसले ओलीको कदमलाई सदर गरिदिएर गम्भीर मौनता साँधेको छ यो पटक ।

ओलीको कदमको चर्को विरोध गर्दै आएका कांग्रेसका जोधाहा दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा यसबारे बोल्न चाहँदैनन् । ओलीको चर्को विरोध गर्दै कांग्रेसबाट राष्ट्रपति बनेका रामचन्द्र पौडेलसँग यसबारे शितलनिवासमै पुगेर प्रधानमन्त्री ओलीले सहमति लिइसकेका छन् । यसरी नै चर्को विरोध गरेको सम्झनास्वरूप सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले २०७८ वैशाख २१ गते कांग्रेस सभापति शेरबहादुर देउवाले जारी गरेको विज्ञप्ति पुनः सम्झाएका छन् । त्यतिबेला ओली नेतृत्वको सरकारले सातवटा अध्यादेश ल्याएको थियो । उक्त निर्णयको घोर विरोध गरिएको विज्ञप्ति सामाजिक सञ्जालमा पुनः फैलन थालेपछि कांग्रेस तर्सिएको छ ।

उक्त विज्ञप्तिबारे कांग्रेस पार्टी कार्यालयका मुख्यसचिवसमेत रहेका राष्ट्रिय सभा सदस्य कृष्णप्रसाद पौडेलले आइतबार साँझ विज्ञप्ति जारी गर्दै नक्कली भनेको छ । 'नेपाली राजनीतिलाई तरंगित गर्ने, गठबन्धनको सरकारबारे अन्योल सिर्जना गरी नेपाली जनतालाई दिगभ्रमित गर्ने कुत्सित मनसायबाट नेपाली कांग्रेस पार्टी सभापतिको नामबाट नक्कली प्रेस वक्तव्य विभिन्न सामाजिक सञ्जालहरूमा सम्प्रेषित भएकोमा हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा कांग्रेसले भनेको छ । पुरानो सक्कली वक्तव्यलाई भ्रमित गतिविधिसमेत कांग्रेसले भनेको छ ।

'हतास मनस्थितिबाट गरिएका यस्ता घृणित कार्यको निन्दा गर्दै त्यस्ता गैरकानुनी कार्यमा संलग्न जो कसैलाई कानुनी दायरामा ल्याउन सम्बन्धित निकायसँग नेपाली कांग्रेस जोडदार माग गर्दछ । साथै, यस्ता भ्रमित गतिविधिबाट प्रभावित नहुन सबैमा नेपाली कांग्रेस अनुरोध गर्दछ,' कांग्रेसको तर्क छ ।




- ओलीको कदमको चर्को विरोध गर्दै आएका कांग्रेसका जोधाहा दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा यसबारे बोल्न चाहँदैनन्
- सत्तारूढ दल नेकपा एमालेबाटै प्रतिनिधिसभामा निर्वाचित भएका देवराज घिमिरे सभामुख छन् भने रास्वपाबाट सांसद् बनेकी इन्दिरा रानामगर उपसभामुख
- संसद्को अधिवेशन नभएको बेला सरकारले अध्यादेश ल्याउनसक्ने व्यवस्था संविधानमै रहेको एमाले उपमहासचिव प्रदीप ज्ञवालीको तर्क

### सभामुखको गम्भीर मौनता

सभामुख देवराज घिमिरेले पनि यस विषयमा गम्भीर मौनता साँधेका छन् । हुन त सभामुख घिमिरे सत्तारुढ दल नेकपा एमालेबाटै प्रतिनिधिसभामा निर्वाचित भएका हुन् । यद्यपि संसद् बन्द गराएर चारवटा अध्यादेश ल्याउँदा पनि उनी मौन छन् ।

सदन हुँदाहुँदै अध्यादेश ल्याउनु क्षम्य नहुने कांग्रेस सांसद चन्द्र भण्डारी बताउँछन् । 'संसद् जीवित हुँदाहुँदै के कति कारण अध्यादेशको आवश्यकता पर्‍यो ? संसद्को विश्वास भएन कि संसदीय व्यवस्थाप्रति विश्वास टुट्यो ? के हामी सांसदलाई मृत घोषणा गरिएको हो, त्यो पनि भएको छैन हामी सांसद र संसद् कृतघ्न पनि छैन/छैनौं । तसर्थ जोसुकैले जुन उद्देश्यका लागि गरे पनि यो कदापि क्षम्य हुँदैन,' चौतर्फी विरोध आएपछि मात्र भण्डारीले सामाजिक सञ्जालमा लेखेका छन् । शुक्रबार राति आएको अध्यादेशको भण्डारीले पनि ढिलागरी आलोचना गरेका हुन् । उनले अध्यादेश ल्याउने संसद्कै अपमान भएको बताएका छन् । 'यो संसदीय व्यवस्थाको विरोधी काम हो र संसद्को अपमान पनि,' उनले भनेका छन् ।

शुक्रबार मन्त्रिपरिषद्ले नेपाल ऐन संशोधन अध्यादेश, भूमिसम्बन्धी कानुन संशोधन गर्न बनेको अध्यादेश र लगानीसम्बन्धी

क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

'फ्रि भिसा, फ्रि टिकट' नीतिमा संशोधन तयारी

# व्यवसायीलाई राहत श्रमिकलाई भार थप्दै सरकार

■ **ममता थापा**

**काठमाडौं–** सरकारले मलेसिया तथा खाडी मुलुकमा जाने कामदारलाई म्यानपावर कम्पनीहरूबाट पार्ने आर्थिक बोझबाट मुक्त गर्ने भन्दै लागू गरेको 'फ्रि भिसा, फ्रि टिकट' नीति व्यवहारमा पूर्णतः असफल देखिएको छ । सीमितबाहेक अधिकांश कम्पनीले यसको कार्यान्वयन गरेको पाइँदैन । व्यवसायीहरू स्वयंले यो विषय स्वीकार गर्दै आएका छन् । उनीहरूले यो व्यवस्था हटाउन सरकारलाई दबाब दिँदै आएका छन् ।

म्यानपावर व्यवसायीहरूले सरकारले तोकेको १० हजार रूपैयाँ सेवा शुल्कबाहेक कामदारसँग मोटो रकम उठाउने गरेका छन् । कानुनीरूपमा त्यसरी बढी रकम लिनु गैरकानुनी हो तर अहिलेसम्म सरकारले ती म्यानपावर व्यवसायीलाई कारबाही गरेको पाइँदैन । बरु श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय आफैं अहिले उक्त प्रावधान अव्यावहारिक भएको भन्दै पुनरावलोकनको तयारीमा जुटेको छ । 'फ्रि भिसा, फ्रि टिकट'को प्रावधान हटाउनुपर्ने व्यवसायीहरूको दबाबका कारण पनि मन्त्रालय यसमा




> श्रमिकको हितमा ल्याइएको जायज प्रावधानलाई सच्याउन भन्दै सरकार उल्टो बाटोमा हिँडेको छ । व्यवसायीलाई कानुनको दायरामा ल्याउने जिम्मा सरकारको हो । उनीहरूलाई मर्का पर्‍यो भन्दैमा श्रमिकको अधिकार खोस्न मिल्दैन ।
>
> ■ **रामेश्वर नेपाल**
> **श्रमविज्ञ**

जुटेको बुझिन्छ ।

त्यसो त वर्तमान श्रममन्त्री शरत्सिंह भण्डारी विगतदेखि नै वैदेशिक रोजगार व्यवसायीमैत्री मन्त्रीको छवि बनाएका नेता हुन् । उनले अघिल्लो कार्यकालमै 'फ्रि भिसा, फ्रि टिकट' हटाउनेगरी नीति संशोधन गर्ने तयारी गरेका थिए । तर, सरकार परिवर्तनसँगै उनले उक्त काम गर्न पाएनन् । अहिले पुनः मन्त्री भएपछि उनले 'फ्रि भिसा, फ्रि टिकट'को नीति पुनरावलोकन गर्ने प्रक्रिया अगाडि बढाएका हुन् ।

तत्कालीन श्रम राज्यमन्त्री टेकबहादुर गुरुङले २०७२ असार २१ बाट 'फ्रि भिसा, फ्रि टिकट'को नीति कार्यान्वयनमा ल्याएका थिए । राज्यमन्त्रीस्तरबाट आएको उक्त निर्णयले त्यतिबेला वाहवाही त पायो तर प्रभावकारी कार्यान्वयनका लागि काम गर्न मन्त्रालय चुक्यो । १० औं वर्षसम्म आइपुग्दा यो प्रावधान नै त्रुटिपूर्ण ठानेर संशोधनको प्रक्रियामा लगिएको छ । श्रम मन्त्रालयका अनुसार संशोधनको खाका बनेर हाल रायका लागि कानुन मन्त्रालयमा पुगेको छ ।

मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरे फ्रि भिसा, फ्रि टिकटको व्यवस्था व्यवहारमा कार्यान्वयन गर्न नसक्दा श्रमिक उल्टै दोहोरो मारमा परेकाले संशोधन गर्ने तयारी भइरहेको बताउँछन् । 'सरकारले वैदेशिक रोजगारीको क्षेत्रमा निजी व्यवसाय सञ्चालन गर्न दिएको छ । त्यसका लागि व्यवसायीहरूले दुईदेखि छ करोड रूपैयाँसम्म धरौटी राख्नुपर्छ । व्यवसाय सञ्चालन गर्न दिएर पैसा लिन पाइँदैन भन्नु आफैंमा दोहोरो कुरा भयो,' घिमिरे भन्छन् । उनका अनुसार संशोधनको खाका बनेर रायका लागि कानुन मन्त्रालयमा पुगेको छ ।

क्रमशः पृष्ठ २ मा

ऊर्जामन्त्रीलाई कुलमानको जवाफ–

# मलाई हटाउन मिल्दैन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आफूलाई अहिले नै पदबाट हटाउन नमिल्ने बताएका छन् । आइतबार नौ बुँदे स्पष्टीकरण पेस गर्दै घिसिङले मन्त्रिपरिषद्को निर्णयअनुसार चार वर्षका लागि प्राधिकरणको प्रमुखमा नियुक्त भएकोले अहिले नै हटाउन नमिल्ने उल्लेख गरेका छन् ।

'नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८ साउन २५ को निर्णयबमोजिम नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा चार वर्षको कार्यअवधिका लागि मेरो नियुक्ति भएकोमा संस्थागत हित र उल्लेख्य कार्यप्रगति भइरहेको अवस्था एवं माथि उल्लिखित तथ्य, आधार र विवेचनासमेतका आधारमा तहाँको उक्त पत्रमा उल्लेख भएबमोजिम नियुक्ति अन्त्य गर्नेसम्बन्धी कुनै पनि कारबाही तथा निर्णय गर्ने अधिकार अन्यमा नरहेको व्यहोरासमेत अनुरोध छ,' घिसिङले स्पष्टीकरणमा भनेका छन् ।

ऊर्जामन्त्री दीपक खड्का जसरी पनि प्राधिकरणबाट घिसिङलाई हटाउनुपर्ने अडानमा देखिन्छन् । आफ्नो कार्यकर्तालाई प्राधिकरणमा भर्ती गराउन



- कुलमानले बुझाए नौ बुँदे स्पष्टीकरण
- मन्त्रिपरिषद्को निर्णयअनुसार चार वर्षका लागि प्राधिकरणको प्रमुखमा नियुक्त भएकोले अहिले नै हटाउन नमिल्ने दाबी
- बाढीपहिरोका कारण समयमा कार्यसम्पादन मूल्यांकन समयमा पेस गर्न नसकेको भनाइ
- कार्यसम्पादन मूल्यांकनका लागि पूर्वनिर्धारित लक्ष्यअनुरूपको उल्लेख्य नतिजा प्राप्त भएकोले कारबाही आकर्षित नहुने

जोडबल गरे पनि कुलमानले अटेर गरेपछि ऊर्जामन्त्री खड्का स्पष्टीकरण सोध्ने तहमा झरेको बताइएको छ ।

कार्यसम्पादन मूल्यांकन समयमै पेस नगरेको भन्दै ऊर्जा मन्त्रालयले पुस २२ गते घिसिङलाई सात दिनको म्याद दिई स्पष्टीकरण सोधेको थियो । यसअघि पनि मन्त्रालयले घिसिङलाई स्पष्टीकरण सोधेको थियो । यद्यपि घिसिङले आलटाल गर्दै आएका थिए । यसपटक भने पदबाटै हटाउने भन्दै स्पष्टीकरण सोधेपछि घिसिङले अन्तिम दिन जवाफ पठाएका हुन् । यथाशीघ्र कार्यसम्पादन नबुझाएको खण्डमा नियुक्ति किन अन्त्य नगर्ने ? भन्दै मन्त्रालयले स्पष्टीकरण सोधेको थियो ।

बाढीपहिरोका कारण आफूले तोकिएको समयमा कार्यसम्पादन रिपोर्ट बुझाउन नपाएको उल्लेख गर्दै घिसिङले आफूले कुनै लापरवाही नगरेकोसमेत स्पष्ट पारेका छन् । 'मुलुकमा गएको बाढीपहिरोको कारण विभिन्न उत्पादन, प्रसारण तथा आपूर्ति अवरुद्ध भएकाले सो प्रतिवेदन पेस गर्न केही समय लागेको र तत्कालीन परिस्थितिलाई मनन् गरी कार्यसम्पादन मूल्यांकन

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## सभामुख...

कानुन संशोधन गर्न बनेको अध्यादेश ल्याउन राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको थियो। प्रधानमन्त्री ओलीको सचिवालयले अध्यादेशमा गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्ति र तिनको परिवारको सदस्यले १० वर्ष नेपाल बस्दा निःशुल्क भिसा पाउनेलगायतका कानुनी व्यवस्था गरिएको जानकारी दिएको छ। सेवा प्रवाहमा नागरिक एप प्रयोगमा ल्याउने कानुनी व्यवस्था गर्न, श्रमिकको अनिवार्य अवकाश उमेर हद ५८ वर्षबाट ६० वर्ष बनाउन, नेपाल सरकारको कार्यसम्पादन सरलीकरण गर्दै कुनै निर्णय गर्नुपर्ने अधिकारीले कानुनमा नै मिति तोकिएको भए सोहीबमोजिम र अन्य सबै अवस्थामा बढीमा सात दिनभित्र निर्णय गर्नुपर्ने कानुनी व्यवस्था अध्यादेशमार्फत गरिएको छ।

नागरिक समाजले आइतबार नै अध्यादेशबारे गम्भीर आपत्ति जनाएपछि प्रमुख प्रतिपक्ष दल माओवादीले पनि यसको विरोध गर्ने जनाएको छ। 'संसद्‌लाई यसरी छल्ने कुरा सरकारका लागि बेठीक छ। हामीले यसको विरोध गरेका छौं,' माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले भने।

एमाले उपमहासचिव प्रदीप ज्ञवालीले भने सदनबाट कानुन बनाउन ढिलो हुने भन्दै अध्यादेश संविधानअनुसार नै आएको दाबी गरे। 'हामीकहाँ कतिपय कानुनहरू बन्न तीन वर्ष, चार वर्ष, पाँच वर्ष लाग्ने गरेको पीडादायिक अनुभव पनि व्यहोरेका छौं। सहकारीपीडित महिनौंदेखि लडिरहनुभएको छ। सडकमा हुनुहुन्छ। कतिले उपचार नपाएर ज्यान गुमाउनुपरेको छ। अहिलेसम्म कमाएको पैसा सहकारीमा जम्मा गरेको हुनुहुन्छ। केही मान्छेहरूले अनियमितता गरे,' ज्ञवालीले भने, 'रकम दुरूपयोग गरे। उहाँहरू सडकमा हुनुहुन्छ। हामीले एक वर्षपछि कानुन न्याय बनाउँछौं भनेर क्यान्सरपीडितले त पर्खिएर बस्न सक्दैन होला। त्यस्ता समस्या पर्दछन् भनेर नै संविधानले अध्यादेशको व्यवस्था गरेको होला।'

संसद्‌को अधिवेशन नभएको बेला सरकारले अध्यादेश ल्याउनसक्ने व्यवस्था संविधानमै रहेको उनको तर्क रह्यो। 'संविधानको धारा ११४ ले अध्यादेशहरूको व्यवस्था गरेको छ। सरकारले संसद्‌को अधिवेशन नचलिरहेको बेला अध्यादेश ल्याउनसक्छ। त्यो चाहिँ पार्लियामेन्टको अधिकारलाई कटौती गरेको होइन सदनको पहिलो बैठकमै अध्यादेशहरू टेबुल हुन्छन् र यदि संसद्‌ले 'रिजेक्ट' गर्‍यो भने विधेयक स्वतः निष्क्रिय हुन्छन्।'

राजनीतिक विश्लेषक टीकाप्रसाद ढकाल पनि अध्यादेश संसद्‌मै गएर पारित गर्नुपर्ने भएकोले अहिले नै यसलाई असंवैधानिक बन्न नमिल्ने बताउँछन्। 'संविधानअनुसार जारी कुनै पनि अध्यादेश असंवैधानिक हुँदैन। कतिपय अध्यादेश 'असंवैधानिक' भनी फैसला गरिदिएका कारण न्यायपालिका आफैं अध्यादेशबारे बोल्न नसक्ने हैसियतमा पुगेको छ। अध्यादेशको पहिलो परीक्षण हुने ठाउँ संसद् हो। संसद्‌को परीक्षणमा ठाउँ बाँकी रहे बल्ल अदालतको पालो आउँछ,' ढकालले भने। अध्यादेशको चौतर्फी विरोधपछि बल्ल सभामुख घिमिरेले हिउँदे अधिवेशन बोलाउने तयारी गरेका छन्।

### रास्वपा रविको बचाउमै

यता दोस्रो प्रमुख प्रतिपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले पनि औपचारिकरूपमा अध्यादेशको विरोध गरेको छैन। सहकारीसम्बन्धी अध्यादेश ल्याएर आफ्नो सभापति रवि लामिछानेलाई कारबाही गर्ला भन्दै रास्वपा मौन बसेको बताइएको छ। अहिले रास्वपाका नेता कार्यकर्ता सहकारी प्रकरणमा कास्की हिरासत हुँदै काठमाडौं हिरासत आइपुगेका लामिछानेको बचाउमा उत्रनै व्यस्त देखिन्छन्। रास्वपाबाट प्रतिनिधिसभा सदस्य बनेकी इन्दिरा रानामगर उपसभामुख छिन्।

■■■

## रवि न्यायिक...

यसअघि कास्की अदालतले लामिछानेलाई मागेअनुसारको धरौटी बुझाएपछि उनकी श्रीमती नीकिता पौडेलको जिम्मामा कागज गरेर छाडेको थियो। तर, काठमाडौंमा आएपछि फेरि हिरासतमा पठाइए।

लामिछानेलाई यसअघि १४ मंसिरपछि केही दिनसम्म सोही कार्यालयको हिरासतमा थुनामा राखेर अनुसन्धान अधिकारीहरूले स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारीको बचत अपचलनबारे बयान लिएका थिए। स्वर्णलक्ष्मी सहकारीको एक अर्ब १९ करोड ४९ लाख २१ हजार रूपैयाँ संगठितरूपमा अपचलन गरेको भन्दै लामिछानेलगायत ३९ जनाविरुद्ध जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता भएको छ। यही २१ पुसमा उक्त मुद्दा दर्ता भएको हो।

आइतबार भने उनको बयानका क्रममा अभियोगपत्र पढेर सुनाइएको थियो। त्यसपछि न्यायाधीशले त्यसबारे रविलाई खुलाइदिनू भनेका थिए। जवाफमा लामिछानेले आफूलाई राजनीतिक प्रतिशोधले मुद्दा दायर गरेको भन्दै आफूविरुद्ध झूठा अभियोग लगाएको बताएका थिए। उनले बयानका क्रममा हरेकपटक आफू राजनीतिक प्रतिशोधको सिकार भएको बताउने गरेका छन्। सहकारीबाट एक रूपैयाँ ऋण नलिएकोसमेत उनको दाबी रहँदै आएको छ। तर, कास्की जिल्ला अदालतले ८१४ वटा चेक उनै लामिछानेले विभिन्न सहकारीबाट आएको बचत अपचलनको क्रममा काटेको पाइएको जनाएको थियो। यति हुँदाहुँदै पनि उनले अपचलनमा आफ्नो संलग्नतालाई अस्वीकार गर्दै आएका छन्।

उनै लामिछाने आइतबार बिहान सवा ९ बजे काठमाडौं जिल्ला अदालतमा उपस्थित भएका थिए। १० बजेपछि उनको बयान न्यायाधीश अधिकारीले लिएका थिए। बयान सकिँदा अपराह्न पौने ५ बजेको थियो। थुनछेक बहस भने सुरु भएकै छैन।

न्यायाधीश अधिकारीले लामिछानेलाई आज बिहान १० बजे अदालतमा उपस्थित हुनेगरी प्रहरीको जिम्मामा पठाउने आदेश गरेका हुन्। लामिछानेको पक्षबाट वरिष्ठ अधिवक्तासमेत रहेका पूर्वन्यायाधिवक्ता श्रेष्ठ, पन्तलगायत कानुन व्यवसायीले प्रतिरक्षा बहस गर्ने भएका छन्।

लामिछानेविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयको तर्फबाट कायममुकायम सहन्यायाधिवक्ता रामहरि शर्मा काफ्लेसहित १० जनाले बहस गर्ने भएका छन्। जिल्ला न्यायाधिवक्ता खडिन्द्रराज कटुवाल र चन्द्र सञ्जेललगायत पनि बहसमा सहभागी हुने भएको कायममुकायम सहन्यायाधिवक्ता शर्माले बताए।

स्वर्णलक्ष्मी सहकारी ठगी मुद्दामा रविसँगै गितेन्द्रबाबु (जिबी) राई, छविलाल जोशी, कर्जा उपसमिति सदस्य कमल लामा, निवर्तमान लेखा समिति सदस्य सुनिता नेवा, कोषाध्यक्ष कुमार रस्तेल, उपाध्यक्ष देवेन्द्रबाबु राई, वर्तमान सचिव इरान लामा, सहसचिव कविता तामाङ, जिबी ग्रुप अफ कम्पनी, मन्दरा टुर्स एन्ड एक्सपिडिसन प्रालि र सहकारीका सञ्चालकहरू हेमन्त अधिकारी, रविना रिमाललाई पनि प्रतिवादी बनाइएको छ।

सहकारीका निवर्तमान अध्यक्ष दीपक लामा, निवर्तमान कोषाध्यक्ष सविना आलेमगर, सञ्चालक भक्तबहादुर भोलन, निवर्तमान सचिव प्रदीप लामा, निवर्तमान सञ्चालक सविता लामा, लेखा संयोजक गणेशराज श्रेष्ठ र निवर्तमान सञ्चालक शान्तिकुमारी सुवेदीलाई पनि प्रतिवादी बनाएर मुद्दा दायर गरिएको छ। यस्तै, कर्जा उपसमिति सदस्य रोमन काफ्ले, व्यवस्थापक नवीन अछामी, सहकारीका पूर्वअध्यक्ष कल्पनाकुमारी श्रेष्ठ, पूर्वसञ्चालक राजु बराल, जिबी ग्रुप अफ कम्पनी प्रालिका सञ्चालकद्वय विशाल तामाङ र असरफ अली सिद्दिकी, नेचर नेस्ट प्रालि, गोर्खा हर्बल प्रोडक्सन प्रालिलगायत प्रतिवादी छन्।

■■■

## मलाई हटाउन...

समितिबाटसमेत माग भई नआएको अवस्था हुँदा हाल मिति २०८१ पुस २४ को पत्रमार्फत पेस भइसकेको कार्यसम्पादन विवरणलाई विधिसम्मत मूल्यांकन गर्नुपर्ने व्यहोरा छ,' कुलमानले भनेका छन्। आफूले प्राधिकरणमा रहँदा शतप्रतिशत काम गरेको उल्लेख गर्दै घिसिङले कारबाही गर्नुपर्ने कुनै विषय नरहेको प्रस्टयाएका छन्। 'कार्यसम्पादन मूल्यांकनका लागि पूर्वनिर्धारित लक्ष्यअनुरूपको उल्लेख्य नतिजा प्राप्त भएको र सोबाट ९८.९९ प्रतिशत अंक प्राप्त हुने अवस्था विद्यमान रहेकोले अन्यथा कारबाही गर्नुपर्ने विषय आकर्षित नहुने व्यहोरासमेत अनुरोध गर्दछु,' स्पष्टीकरणमा घिसिङले भनेका छन्।

■■■

## व्यवसायीलाई...

उक्त प्रावधानअनुसार मलेसियासहित खाडीका प्रमुख श्रम गन्तव्य मुलुकमा जाने कामदारको भिसा तथा टिकटको रकम रोजगारदाताले नै व्यहोर्नुपर्ने निर्णय भएको थियो। सरकारले श्रम सम्झौता गर्दाखेरि नै शून्य लागतको विषयमा अडान लिँदै आएको छ। तर कागजको योजनालाई व्यवहारमा उतार्न चुकेको छ। श्रम स्वीकृति लिनेमध्ये चार-पाँच प्रतिशतले मात्र यो सुविधा लिएको बताइन्छ। हाल आठदेखि १० वटा म्यानपावरले मात्र फ्रि भिसा, फ्रि टिकटको नियम पालना गरहेको श्रम विभागकै अधिकारीहरू बताउँछन्। जबकि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न अनुमति प्राप्त म्यानपावर कम्पनी ८०० भन्दा बढी रहेका छन्।

वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेल फ्रि भिसा र फ्रि टिकटको प्रावधान सुन्दा कर्णप्रिय भए पनि सबै रोजगारदाताले त्यो सुविधा उपलब्ध नगराउने बताउँछन्। 'सरकारले लागतको वर्गीकरण गर्नुपर्छ। यसो गर्दा श्रमिक, राज्य र व्यवसायी सबैको हित हुन्छ,' उनी भन्छन्। तोकिएका मुलुकमा श्रमिक पठाउँदा पैसा लिएको पाइए कानुनबमोजिम कारबाही हुनुपर्ने हो। तर, हालसम्म कति म्यानपावर कारबाहीमा परे भन्ने यकीन तथ्यांक सरकारसँग छैन। गैरकानुनी हुने भएपछि म्यानपावरले कामदारसँग पैसा लिँदा रसिद काट्दैनन्। बेरोजगारीको मारमा परेका युवाहरू व्यवसायीलाई लाखौं तिरेर जान बाध्य छन्। कुनै कारणवस फर्किन परेको अवस्थामा उनीहरू आफूले तिरेको रकम दाबी गर्नसक्ने अवस्थामा नभएको सरोरकारवालाहरू बताउँछन्।

वैदेशिक रोजगार विभागका अनुसार त्यहाँ दर्ता भएका उजुरीमध्ये पाँचदेखि १० प्रतिशत बढी पैसा लिएका उजुरी छन्। 'बिल भर्पाइ नहुँदा त्यस्ता उजुरीउपर कारबाही गर्न समस्या भइरहेको छ,' विभागका निर्देशक तथा सूचना अधिकारी गुरुदत्त सुवेदी बताउँछन्।

### 'ब्याक' हुनु सरकारको लाचारी

श्रमविज्ञ रामेश्वर नेपाल सरकारले गरेको संशोधन तयारीप्रति असहमति जनाउँछन्। तत्कालीन सरकारको निर्णय स्वागतयोग्य भएकाले यसलाई कसरी पूर्णरूपमा कार्यान्वयनमा ल्याउन सकिन्छ भन्नेतर्फ गृहकार्य गर्नेभन्दा पनि सम्भव छैन भनेर लाचारी देखाउनतर्फ लागेको उनी बताउँछन्। ऋण गरेर विदेश जाने परिस्थिति बनाइँदा श्रमिकहरू अपमानजनक, शोषणमा पर्ने खालका सम्झौता गर्न बाध्य हुने तथा जोखिममा पर्ने गरेको विभिन्न अध्ययनले देखाएको उनले उल्लेख गरे।

'अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)ले श्रमिकको अधिकारको सन्दर्भमा कुनै पनि व्यक्तिले रोजगारी पाउन ऋण काढेर जानु पर्दैन भनेर व्यवस्था गरेको छ। श्रमिकको हितमा ल्याइएको जायज प्रावधानलाई सच्याउन भन्दै सरकार उल्टो बाटोमा हिँडेको छ,' श्रमविज्ञ नेपाल भन्छन्, 'व्यवसायीलाई कानुनको दायरामा ल्याउने जिम्मा सरकारको हो। उनीहरूलाई मर्का पर्‍यो भन्दैमा श्रमिकको अधिकार खोस्न मिल्दैन। यो अभ्यास चुनौतीपूर्ण छ, असम्भव होइन।'

# माघीको तयारीमा जुटयो थारु समुदाय

**कैलाली (प्रस)**– थारू समुदायको सबैभन्दा ठूलो पर्व माघी नजिकिएको छ। पश्चिम नेपालको तराई क्षेत्रमा बसोबास गर्दै आएको थारू समुदायका बस्तीमा यतिबेला माघी पर्वको तयारीले छपक्कै छोपेको छ। नयाँ वर्ष आरम्भका रूपमा उल्लासका साथ मनाइने यो पर्वको तयारीमा थारू समुदाय व्यस्त छ।

माघी पर्व नजिकिएसँगै कैलाली, कञ्चनपुरलगायत थारू बस्तीमा चहलपहल बढेको छ। पर्वलाई भव्य रूपमा मनाउन घरपरिवारका सदस्य आ-आफ्नो कामको जिम्मेवारी लिएर खटिएका छन्। पुरुषहरू मासुको जोहो गर्न गाउँगाउँ धाइरहेका छन् भने महिलालाई दुना, टपरी बनाउन भ्याइनभ्याई छ।

पर्वको तयारीका लागि विशेषगरी अन्डी धानको चामल, पिठोलगायत खाद्यान्नको जोहो गर्ने, दुनाटपरी गाँस्ने, जंगल गई दाउरा संकलन गर्ने, तोरीको तेल पेल्ने, घर लिपपोत तथा आँगन सरसफाइलगायत कार्य धमाधम भइरहेको थारू नागरिक समाजका संयोजक दिलबहादुर चौधरीले जानकारी दिए।

उनले भने, 'माघीमा विशेषगरी बंगुरको मासु, माछा, घोंगी, गंगटालगायत खानाका परिकार खाने चलन रहिआएकाले त्यसका लागि जुटेका छन्।' यो पर्वमा नयाँ वर्ष शुभारम्भ हुने भएकाले नयाँ लुगा किन्न गाउँबाट सहरबजार जान थालेका छन्। रोजगारीका लागि विदेसिएकाहरू पर्व मनाउन घर फर्कन थालेका संयोजक चौधरीले बताए।

माघीमा पाहुना धेरै जम्मा हुने भएकाले ढिक्री, रोटीलगायत खानाका परिकार तयार गर्न महिलालाई भ्याइनभ्याई छ। थारू समुदायको मुख्य पर्व भएकाले तामझामका साथ मनाउने तयारी भइरहेको कैलालीको गोदावरी नगरपालिका-७ फकलपुरका माधव चौधरीले बताए।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०९/२९ गते**

यस कम्पनीको मिति २०८१/०९/२३ मा सम्पन्न विशेष/वार्षिक साधारणसभाको निर्णय वमोजिम साविक कम्पनी **(पासपे टेक प्रा.लि.)** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा नाम परिवर्तन गरी **फिनटेक सोलुसन्स प्रा.लि. (प्रा.लि. नं. १३३५०)** कायम गरी मिति २०८१/०९/२६ को कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकाले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा २०७६/०७/२२ मा दर्ता भएको प्रा.लि.नं. २२७७९४ को **काभ्रेपलान्चोक रियल स्टेट एण्ड बिल्डर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०९/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८१/०९/२९ गते**

**सेकुवा ग्रीण**को मिति २०८१/०२/०५ मा सम्पन्न विशेष/वार्षिक साधारणसभाको निर्णय वमोजिम साविक कम्पनी **(एन.आर.फ्रेन्च हाउस प्रा.लि.)** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सेकुवा ग्रीन प्रा.लि. (प्रा.लि. नं.१७८५०७)** कायम गरी मिति २०८१/०४/२४ को कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकाले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।



## साउदीमा रोजगार — कम्पनी : Al Saher Investment Company.

पूर्व स्वीकृति मिति : २०८१/०९/२८ | LT. No. 316959 | चलानी नं. ६०२३१३६५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ६६,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ७ गते (20th Jan. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु ७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Janashakti International Services Pvt. Ltd.** श्रम इजाजत नं. ९९९/०६८/०६९
Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031, 9762902411, 9844661381, 9815039898, 9813413654, 9846702764, 9851105682, 9851084742, Email : info@jisnepal.com, Web: www.janashaktiintl.com



## साउदीमा रोजगार — कम्पनी : Salem Bin Nasser Bin Yahya Al Qahtani Mining Company is a one-person company.

पूर्व स्वीकृति मिति : २०८१/०९/२८ | LT. No. 316937 | चलानी नं. ६०२३१२२१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP LABOUR / WORKER | 1 | 0 | 1200 | ४४,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ७ गते (20th Jan. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च | रोजगार कम्पनीले मेडिकल खर्च | स्वदेशमा गरिने बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिसा शुल्क | सामाजिक सुरक्षा कोष | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिसा स्टाम्पिङ शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु ७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**ATLANTIC OVERSEAS PVT. LTD.** श्रम इजाजत नं. १६७४/०८०/०८१
City Square Mall, Samakhusi Kathmandu, Nepal +977 985-1141964, 9823528692, +977-01-4977788, +977-01-4977799, Email :atlanticoverseasktm@gmail.com, info@atlantic.com.np, Web: www. atlantic.com.np



## कुवेतमा रोजगार — कम्पनी : SAK CONSTRUCTION CO

पूर्व स्वीकृति मिति : २०८१/०२/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२८ | LT. No. 306143 | चलानी नं. ६०२२०८२०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR/HELPER | 310 | 0 | 100 | ४४,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ७ गते (20th Jan. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च | रोजगार कम्पनीले मेडिकल खर्च | स्वदेशमा गरिने बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिसा शुल्क | सामाजिक सुरक्षा कोष | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिसा स्टाम्पिङ शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु ७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**Index Recruitment Pvt. Ltd.** श्रम इजाजत नं. 1543/078/079
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np



## साउदीमा रोजगार — कम्पनी : Gulf Asia Contracting Company.

पूर्व स्वीकृति मिति : २०८१/०९/२८ | LT. No. 316960 | चलानी नं. ६०२३१२४९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 100 | 0 | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: धनुषा, जनकपुर, Maa Janaki Training Center मा मितिः २०८१ माघ ७ गते (20th Jan. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च | रोजगार कम्पनीले मेडिकल खर्च | स्वदेशमा गरिने बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिसा शुल्क | सामाजिक सुरक्षा कोष | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिसा स्टाम्पिङ शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु ७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. ३३६/०५९/०६०
**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4111286, 4111287 Fax : +977 1 4112590



## MAURITIUS/UAE मा रोजगार — कम्पनी : Martinson & Company LTD

पूर्व स्वीकृति मिति : २०८०/१०/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२८ | LT. No. 298287 | चलानी नं. ६०२१३४३९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | MUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason/Tiles Mason/Carpenter/Steel Fixture | 35 | 0 | 16000 | ४७,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Sky Maid Cleaning Services Llc

पूर्व स्वीकृति मिति : २०७९/१०/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२८ | LT. No. 280674 | चलानी नं. ६०१९६४२२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 30 | 1000 | ३७,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मितिः २०८१ माघ ७ गते (20th Jan. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च | रोजगार कम्पनीले मेडिकल खर्च | स्वदेशमा गरिने बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिसा शुल्क | सामाजिक सुरक्षा कोष | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिसा स्टाम्पिङ शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु ७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**Humour Overseas Pvt. Ltd.** श्रम इजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



## साउदीमा रोजगार — कम्पनी : Mohammed bin Ali bin Saleh Al Kabrish Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/०९/२६ | LT. No. 316952 | चलानी नं. ६०२३११८०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 3 | 0 | 1000 | ३६,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Equipment Driver | 6 | 0 | 2000 | ७३,६८० | | | | | | | |
| 3 | Heavy Truck Drivers | 10 | 0 | 1800 | ६६,३१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ७ गते (20th Jan. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च | रोजगार कम्पनीले मेडिकल खर्च | स्वदेशमा गरिने बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिसा शुल्क | सामाजिक सुरक्षा कोष | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिसा स्टाम्पिङ शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु ७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**BELIEVABLE OVERSEAS PVT.LTD.** Govt. License No. 1283/074/75
Mahaharajgunj, Sallaghari, Kathmandu, Nepal, Contact: 01-4378500 , 014017815, E-mail : believableoverseas@gmail.com



## साउदीमा रोजगार — कम्पनी : Integrated Benifit Facility Management

पूर्व स्वीकृति मिति : २०८१/०९/२८ | LT. No. 316683 | चलानी नं. ६०२३१२१०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 1 | 0 | 1200 | ४४,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ७ गते (20th Jan. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च | रोजगार कम्पनीले मेडिकल खर्च | स्वदेशमा गरिने बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिसा शुल्क | सामाजिक सुरक्षा कोष | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिसा स्टाम्पिङ शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु ७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**INTERNATIONAL TRADE LINKS NEPAL PVT.LTD.** Govt. License No. 706/064/065
KMC-4, Dhumbarahi, Kathmandu, Nepal, Tel: +977-1-4970669
E-mail : info@itlnepal.com, nir@itlnepal.com, Web: www.itlnepal.com



## कुवेत/साउदीमा रोजगार — कम्पनी : HAIR TIME LADIES SALON CO.

पूर्व स्वीकृति मिति : २०८१/०२/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२८ | LT. No. 305511 | चलानी नं.६०२२०४६६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 12 | 150 | ६७,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Hamad M. Al Rugaib & Sons Trading Co. Ltd.

पूर्व स्वीकृति मिति : २०८१/०९/२६ | LT. No. 315031 | चलानी नं.६०२३१२१५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1500 | ५५,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ७ गते (20th Jan. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च | रोजगार कम्पनीले मेडिकल खर्च | स्वदेशमा गरिने बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिसा शुल्क | सामाजिक सुरक्षा कोष | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिसा स्टाम्पिङ शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु ७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**BRIGHT FUTURE HR SOLUTION PVT. LTD.** श्रम इजाजत नं. १६०२/०७९/०८०
KMC-3, Kathmandu, Nepal, Tel: 1-5914632/5924633, 9802348222 , 9762884218
Email: brightfuturehrsolution1602@gmail.com



## युएइमा रोजगार — कम्पनी : Al Ayadi Al Sarea Electromechanical Services

पूर्व स्वीकृति मिति : २०८१/०९/२८ | LT. No. 317051 | चलानी नं. ६०२३१२६४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1200 | ४५,१७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Furniture Carpenters | 2 | 0 | 1200 | ४५,१७८ | | | | | | | |
| 3 | Mason (Nepal) | 2 | 0 | 1200 | ४५,१७८ | | | | | | | |
| 4 | Steel Fixer | 1 | 0 | 1200 | ४५,१७८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ७ गते (20 Jan. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च | रोजगार कम्पनीले मेडिकल खर्च | स्वदेशमा गरिने बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिसा शुल्क | सामाजिक सुरक्षा कोष | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिसा स्टाम्पिङ शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु ७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**SAMPAANATA OVERSEAS PVT. LTD.** Govt. License 1579/079/080
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com, info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com



## साउदीमा रोजगार — कम्पनी : Asif Rafiq Plastic Products Company

पूर्व स्वीकृति मिति : २०८१/०५/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२८ | LT. No. 310820 | चलानी नं. ६०२२५३०८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Offloading Labour | 8 | 0 | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ७ गते (20th Jan. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च | रोजगार कम्पनीले मेडिकल खर्च | स्वदेशमा गरिने बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिसा शुल्क | सामाजिक सुरक्षा कोष | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिसा स्टाम्पिङ शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु ७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**Career International Services (P.) Ltd.** License No. : 646/063/064
धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com



## MAURITIUS मा रोजगार — कम्पनी : CHINA JIANGSU CONSTRUCTION GROUP CORPORATION

पूर्व स्वीकृति मिति : २०८०/०७/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२८ | LT. No. 294059 | चलानी नं. ६०२०९३१५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | MUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 28 | 0 | 16665 | ४९,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 39 | 0 | 16665 | ४९,२१० | | | | | | | |
| 3 | Steel Fixer | 16 | 0 | 16665 | ४९,२१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ७ गते (20th Jan. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च | रोजगार कम्पनीले मेडिकल खर्च | स्वदेशमा गरिने बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिसा शुल्क | सामाजिक सुरक्षा कोष | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिसा स्टाम्पिङ शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु ७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



## युएइमा रोजगार — कम्पनी : OKOOL MANPOWER RECRUITMENT SERVICE-SOLE PROPERIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०९/२८ | LT. No. 316881 | चलानी नं. ६०२३१२११

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Workers | 75 | 0 | 1000 | ३७,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packer Worker | 50 | 0 | 1000 | ३७,६५० | | | | | | | |
| 3 | Telecom Labour | 50 | 0 | 1000 | ३७,६५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ७ गते (20th Jan. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च | रोजगार कम्पनीले मेडिकल खर्च | स्वदेशमा गरिने बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिसा शुल्क | सामाजिक सुरक्षा कोष | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिसा स्टाम्पिङ शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु ७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**KOPERASI INTERNATIONAL PVT. LTD.** Govt. License 1287/074/75
Tokha -9, Gongabu (Shiva Mandir), Kathmandu, Bagmati
Contact: +977 1- 5912411, 9801123473, 9848172662, Email: Koperasi227@gmail.com

# विपद्पछिको पुनर्निर्माण तथा पुनःस्थापना योजना स्वीकृत

■ प्रभाव संवाददाता



**काठमाडौं–** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को १६औं बैठकले पश्चिम नेपाल भूकम्प तथा २०८१ सालको मनसुनजन्य विपद्पश्चात्को पुनर्निर्माण तथा पुनःस्थापनाका लागि योजना स्वीकृत गरेको छ ।

प्रधानमन्त्री एवं परिषद्का अध्यक्ष केपी शर्मा ओलीका अध्यक्षतामा आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बसेको बैठकले क्षतिको विस्तृत यथार्थ मूल्यांकन गरी यही पुस २१ गते भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकको निर्णयको सिफारिसबमोजिम क्रियाकलापसहितको उक्त योजना स्वीकृत गरेको हो ।

योजना स्वीकृतसँगै आगामी माघ २ गतेदेखि लाभग्राहीसँग सम्झौता प्रक्रिया प्रारम्भ गरी पुनर्निर्माण थालनी हुने निश्चित भएको छ । क्षतिको विस्तृत आकलन (डिडिए) नभएका क्षेत्रमा सोही दिनदेखि डिडिएको प्रक्रिया प्रारम्भ गर्ने निर्णय भएको छ ।

बैठकले योजनाबमोजिमका क्रियाकलापको कार्यान्वयनका लागि स्रोत व्यवस्थापन गर्न अर्थ मन्त्रालयलाई सम्बन्धित मन्त्रालय, प्रदेश र स्थानीय तहले आग्रह गर्ने तथा मन्त्रालयले सम्बन्धित निकायलाई यथाशीघ्र निकासा दिने गरी प्रबन्ध गर्न निर्देश गरेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय प्राधिकरणले पुनर्निर्माण र पुनःस्थापनाका लागि सडक तथा यातायात, सरकारी भवन तथा सहरी पूर्वाधार, विद्युत् वैकल्पिक ऊर्जा र सिँचाइ, निजी आवास, शैक्षिक संरचना, स्वास्थ्य संरचना, खानेपानी सरसफाइ तथा स्वच्छता र पुरातात्त्विक संरचनालाई प्राथमिकताका क्षेत्रमा समावेश गरेको छ । स्रोत परिचालनका लागि अर्थ मन्त्रालयले आन्तरिक वा बाहृय स्रोत परिचालन गर्न अर्थ मन्त्रालयले अग्रसरता लिने छ भने पुनर्निर्माण र पुनःस्थानाका लागि प्राधिकरणको समन्वयमा साझेदार संस्थाको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको छ ।

बैठकले डोटी तथा जाजरकोट केन्द्रबिन्दु भई भएको भूकम्पपश्चात्को क्षति आकलन, निजी आवास पुनर्निर्माण तथा प्रबलीकरण प्रक्रिया प्रारम्भ गर्ने निर्णय गरेको छ । यस्तै, २०८० सालमा संखुवासभालगायत जिल्लामा बाढीजन्य विपद्मा परी बेपत्ता तथा मृत्यु भएका व्यक्तिका परिवारलाई गत असार ३१ गते मन्त्रिपरिषद्को निर्णयबमोजिम नै हुनेगरी राहत उपलब्ध गराउन प्राधिकरणलाई निर्देशन दिएको छ । यसका लागि गृह मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने छ । विपद्मा परी बेपत्ता भएकाहरू १० दिनसम्म फेला नपरेका तत्कालीन समयमा विवरण संकलन भएका परिवारलाई मृतकसरह राहत उपलब्ध गराउने निर्णय गत असार ३१ गते मन्त्रिपरिषद्ले गरेको थियो ।

बैठकले प्राधिकरणका लागि आवश्यक जनशक्तिको प्रबन्ध गर्नेसमेत निर्णय गरेको छ । प्रधानमन्त्री ओलीले पुनर्निर्माण र पुनःस्थापनाको प्राथमिकता तथा स्रोतको उपलब्धताका आधारमा विलम्ब नगरी क्षतिको विस्तृत यथार्थ मूल्यांकन गरेर दोहोरोपन नहुनेगरी पुनर्निर्माण कार्यारम्भ गर्न निर्देशन दिए ।

बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गृहमन्त्री रमेश लेखक, मन्त्रीहरू, विभिन्न प्रदेशका मुख्यमन्त्री, प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका नेताका प्रतिनिधि शक्तिबहादुर बस्नेत, नेपाल सरकारका मुख्यसचिव, प्रधानसेनापतिसहित सुरक्षा निकायका प्रमुखलगायतको सहभागिता थियो ।

# सम्यक दान पर्वमा दुई हजार भिक्षुलाई महादान गरिने

**भक्तपुर–** ३५० वर्षअघि अर्थात् नेपाल संवत् ७८७ भन्दा अघिदेखि प्रत्येक वर्ष माघ १ गते मनाउँदै आएको महादान 'सम्यक दान पर्व' मा यस वर्ष दुई हजार भिक्षुलाई महादन गरिने भएको छ ।

शनिबार सम्यक महादान व्यवस्थापन सहयोग समितिले आयोजना गरेको पत्रकार सम्मेलनमा समितिका अध्यक्ष गणेश बज्राचार्यले भक्तपुर नगरपालिका-१ स्थित जयकीर्ति महाविहार (ययुबही) परिसर भुइख्यमा गरिने बौद्ध परम्पराअनुसारको सम्यक महादान पर्वमा भिक्षुलाई महादान गर्ने तयारी रहेको जानकारी दिए । पाँच दीपकंर बुद्धका मूर्तिहरूलाई स्थानीय थथुवहिमा विराजमान गराई बुद्ध ज्ञान प्राप्त शाक्य र बज्राचार्यका सम्पूर्ण भिक्षुहरूलाई प्रसाद, चामललगायत विभिन्न परिकार दान दिने र पाँच दीपंकरको परिक्रमा गराई पूजासमेत दिएर मनाइने उनले बताए ।

भक्तपुर दरबार क्षेत्रसँगै रहेको प्रसिद्ध चतुर्ब्रह्म महाविहारका संघ सदस्य जयरत्न बज्राचार्यले नेपाल संवत् ७८७ मा आफ्ना दिवंगत पिता जयदेव बज्राचार्यका नाममा दीपंकर बुद्धलगायत विहारका संघ सदस्यहरूलाई निमन्त्रणा गरेर सम्यक भोजन दान गरी यस पर्वको स्थापना गरेको शिलापत्रमा उल्लेख रहेको उनले बताए । उक्त समयमा जयकीर्ति महाविहार अत्यन्तै जीर्ण अवस्थामा रहेको हुँदा जयरत्न बज्राचार्यबाटै नेपाल संवत् ७९४ मा उक्त विहारको जिर्णोद्धार गरी सोही वर्ष राजा जयजितामित्र मल्लको उपस्थितिमा सम्यक महादान भव्यरूपमा सम्पन्न गरेको इतिहासमा उल्लेख छ ।

सम्यक दानमा परम्परागतरूपमा स्थापना भएका बौद्ध विहारहरूमा दीक्षित भई गृहस्थ बौद्ध भिक्षुहरू शाक्य र बज्राचार्य बन्दहरूलाई भोजन, अन्न दक्षिणा दिइने चलन रहेको समितिका सल्लाहकार सप्तचन्द्र बज्राचार्यले जानकारी दिए । यस वर्ष सम्यक दान पर्व मनाउने पालो सप्तचन्द्र बज्राचार्यलगायत परिवकारको रहेकाले जयकीर्ति महाविहारमा एक साताअघिदेखि नै बसोबास गरी पर्वका लागि आवश्यक पर्ने विशेष प्रकारको पुरी, लड्डुलगायत अन्य सामग्रीको व्यवस्थापन गर्न व्यस्त रहेको समितिका राजुमन बज्राचार्यले बताए ।

यस वर्ष पर्व अवलोकन गर्नेलगायत सम्यक दान लिने बौद्ध धर्मावलम्बीहरू अघिल्लो वर्षहरूमा भन्दा बढी हुने अनुमान गर्दै सोही अनुरूप तयारी भइरहेको उनले बताए । सम्यक महादानका क्रममा जयकीर्ति महाविहार (थथुबही) परिसर भुइख्यमा चतुर्ब्रह्म महाविहार संघका कूलदेवता हेबज नैरात्मालाई सबभन्दा पहिले भोजन दान दिने परम्परा छ । *रासस*


## शुद्धोधन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८१/०९/२९**

यस गाउँपालिकाको आ.व २०८१/८२ को स्वीकृत कार्यक्रम अन्तर्गत मिति २०८१/०७/२६ मा बिभिन्न निर्माण कार्यको बोलपत्र/दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरे बमोजिम E–gp मार्फत दर्ता हुन आएका बोलपत्र/दरभाउपत्र मध्ये तपशिल अनुसारका बोलपत्र/दरभाउपत्रदाताहरुले पेश गरेको बोलपत्र/दरभाउपत्र न्यूनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही देखिइ स्वीकृतीको लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| S. N. | Contract ID | Name of Contractor & Address | Name of Project | Amount (Without VAT & PS) NRs |
|---|---|---|---|---|
| 1 | NCB/SRM/ 07/081-82 | Three Star Nirman Sewa, Shuddodhan -05, Rupandehi | Construction of Road From Kuti- Chips Factory -Beer Factory Road, Ward 4 | 40,58,321.16 |
| 2 | NCB/SRM/ 08/081-82 | Sahani Construction Pvt. Ltd., Tokha -10, Kathmandu | Construction Of Culvert at Menahwal- Dhaka Tole On Tenganha River, Ward 6 | 15,71,092.57 |
| 3 | NCB/SRM/ 09/081-82 | Three Star Nirman Sewa, Shuddodhan -05, Rupandehi | Construction Of Culvert on Road : Jyotish House-Rajad, ward 4 & 5 | 18,43,663.52 |
| 4 | NCB/SRM/ 10/081-82 | Virat Construction, Lumbini Cultural Municipality -07, Rupandehi | Construction of Road From Farsatikar Haatbajar -Jugadihawa, ward 4 | 13,47,152.40 |
| 5 | SQ/SRM/01/ works/081-82 | N.S. Engineering & Suppliers Pvt. Ltd., Kathmandu-10, Kathmandu | Road Upgrading works west side of Old Tilottama School, Ward 4 | 9,05,275.00 |

प्रमुख प्रशासकीय अधिकृत


# एनआरएनएको दोस्रो अन्तर्राष्ट्रिय युवा सम्मेलन बैंककमा हुने

■ विविशा पौडेल




**काठमाडौं–** गैरआवासीय नेपाली संघ (एनआरएन)ले दोस्रो अन्तर ाष्ट्रिय युवा-पिएनओज् सम्मेलन थाइल्याण्डको बैंककमा आयोजना गर्ने भएको छ । साथै, संघको एसिया प्रशान्त क्षेत्रीय 'संगम' कम्बोडियामा गरिने जानकारी दिइएको छ । संघले आइतबार पत्रकार सम्मेलन गरी दुवै सम्मेलनबारे जानकारी दिएको हो । थाइल्याण्डमा हुने युवा सम्मेलनको मिति आगामी १५ र १६ मार्च तय गरिएको छ । यस्तै १८-१९ मार्चमा क्षेत्रीय सम्मेलन गरिने संघले जनाएको छ ।

विश्वका विभिन्न देशमा छरिएका युवालाई एकतामा ल्याउन युवा सम्मेलन आयोजना गरिएको पत्रकार सम्मेलनमा जानकारी दिइयो । 'विदेशमा रहेका युवा अनि दोस्रो पुस्ताका गैरआवासीय नेपालीलाई पनि अपनत्त्व महसुस गराई मातृभूमिसँग जोड्नु वर्तमान अपरिहार्यता भइसकेको छ । अर्कोतर्फ दोस्रो विश्वयुद्धपछि बर्मा, थाइल्याण्ड, मलेसिया, सिंगापुर, फिजी र मोरिससजस्ता देशहरूमा सातौं लाख नेपाली मूलका युवाहरू पहिचानको खोजी गर्दै नेपालको समृद्धिमा पुस्तौंदेखि जोडिन खोजिरहेका छन्,' संघद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

नेपाली प्रवासी युवाहरूलाई सशक्त बनाई नेपालको समृद्धि र विकाससँग जोड्ने अन्तर्राष्ट्रिय युवा सम्मेलनको मुख्य उद्देश्य रहेको संघका अध्यक्ष डा. बद्री केसीले बताए । सम्मेलनले नेपाली प्रवासी युवा, पिएनओज्, र नेपालका स्थानीय युवाहरूबीच मजबुत साझेदारी स्थापना गर्ने, युवामा सशक्तीकरण र नवप्रवर्तनको संस्कृतिलाई प्रेरित गर्नका लागि महत्त्वपूर्ण भूमिका खेल्ने उनको भनाइ छ । यो सम्मेलनले युवाको संघर्ष अनि सफलताका कथा र सिकाइहरूको आदान-प्रदान गर्ने मञ्चको अपेक्षा रहेकोसमेत उनले बताए ।

'यो सम्मेलनले नेपाली प्रवासी युवा र नेपालका स्थानीय युवाबीच मजबुत सम्बन्ध स्थापना गर्ने छ । साथै शिक्षा, रोजगारी र सामुदायिक विकासमा केन्द्रित सहकारी परियोजनाहरू निर्माण गर्न मद्दत पुग्ने छ,' विज्ञप्तिमा भनिएको छ । युवा बेरोजगारी, सीप विकास र सुरक्षित आप्रवासन कार्यात्मक योजना प्रस्तुत गर्नेसमेत संघको भनाइ छ । त्यसपछि लहरै मूल दीपंकर, बाहाछे दीपंकर, भौरबही दीपंकर, ययुबही दीपंकर र कुथुबहि दीपंकरलाई भोजन चढाउने गरिन्छ ।

यसैगरी क्रमबद्धरूपमा विराजमान गराइएका चारवटा सम्यक द्यो (सुवर्ण दीपंकरको मूर्ति), सुवर्ण चैत्य, स्थवीर आजु, मूल गुरुजु, गुरुजूहरू र लामबद्ध भएर बसेका सयौं बज्राचार्य, बुद्धाचार्य र शाक्य परिवारका सदस्यहरूलाई सम्यक दान दिने परम्परा छ ।


## मोटरसाइकल हराएको सूचना

मिति २०८१।०९।२२ गते काठमाडौं जिल्ला, किर्तिपुर हनुमानघाट नजिक के होस्टेल अगाडि पार्किङ गरिराखेको कालो रङ्गको 200 cc Bajaj NS मोटरसाइकल दिनको अन्दाजी २:४५ देखि ४ बजेको समयभित्र हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

नाम : रोसन कुमार शाही
बाइक नं.: बा.प्र. ०२-०५३ प ९६५८
च्यासिस नं.: MD2A36FX9RCE97979
इन्जिन नं. : JLXCRE94042
ठेगाना: आछाम, बिनायक-२
सम्पर्क: ९८६४१६२०३४, ९७६७२५६३५९



## कतारमा रोजगार
कम्पनी : BABA GHANNOUJ BAKERY WLL

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२८ | LT. No. 311669 | चलानी नं. ६०२२६१५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Porter | 4 | 0 | 1200 | ४५,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ७ गते (20th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA Govt.Lic. No- 1168/073/074
MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## साउदीमा रोजगार
कम्पनी : DAJA SALMAN AL LEAF GENERAL CONTRACTING.CO

पूर्व स्वीकृति मिति : २०८१/०९/२६ | LT. No. 316973 | चलानी नं. ६०२३१२१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION LABOURS | 4 | 0 | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ७ गते (20th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68



## Gujara Municipality
### Office of The Municipal Executive
Simara Bhawanipur, Rautahat
Madhesh Pradesh, Nepal

### Invitation for Bids

**Invitation for Bids No.: GUJMUN/NCB/WORKS/03/2081-82**
**Date of publication: 13-01-2025**

1. Gujara Municipality, Simara invites electronic bids from Nepalese eligible bidders for the construction of ''Pokharvinda Tol Ko Mul Bato ma RCC Road Dhalan Work at Gujara Municipality Ward No.4 under National Competitive Bidding procedures.The estimated amount for this work is Rs. 3561250.28 (Excluding VAT and PS item)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at PPMO website www. bolpatra.gov.np/egp.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC ASIA BANK, Simara Bhawanipur Branch
   Name of Office: Gujara Municipality, Simara Bhawanipur, Rautahat
   Office Account No.: ga-1-1 (Antarik Rajaswa Khata) 2172050028445002
   Office Account No: ga – 03 – (Dharauti Khata) 46CA051251652406
3. Electronic bids must be submitted to the office Gujara Municipality, Simara, Bhawanipur, Rautahat, Madhesh Pradesh, through PPMO website www.bolpatra.gov.np/egp on or before 12-02-2025 12:00. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12-02-2025 14:00 at the office of www.bolpatra.gov.np/egp. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 120000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. For any quarries and updates contact at +9779851223812

| S. No. | Contract ID No. | Descriptions of Work | Cost of Bid Cost of Bid Document (Non- Refundable) | Bid Security Amount | Estimated Amount (Without VAT and PS item) |
|---|---|---|---|---|---|
| 1 | GUJMUN/ NCB/ORKS/ 03/2081-82 | Pokharvinda Tol Ko Mul Bato ma RCC Road Dhalan Karya | 3000/- | 120000.0 | 3561250.28 |

Chief Administrative Officer

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### दुईतिहाइको सरकारलाई अध्यादेशकै टेको

नेपाली कांग्रेस र नेकपा एमाले मिलेर बनेको शक्तिशाली सरकारको नेतृत्व एमाले अध्यक्ष केपी शर्मा ओलीले गरिरहेका छन् । यो बेला सदनमा सत्तारुढ संसद्को संख्या गन्ने हो भने कांग्रेसका ८८ जना, एमालेका ७८, अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीका सात र लोकतान्त्रिक समाजवादी पार्टीका चार जना गरी १७७ जना सांसद् प्रतिनिधिसभामा छन् । यो भनेको ६७ प्रतिशत अर्थात् दुईतिहाइको सरकार हो । तर यही सरकारले पटक–पटक अध्यादेश जारी गरेको छ । केही अघिमात्र सहकारी अध्यादेश ल्याएको सरकारले शुक्रबार राति अबेर 'पपुलिस्ट' अध्यादेश ल्यायो ।

नेपाल ऐन संशोधन अध्यादेश, भूमिसम्बन्धी कानुन संशोधन गर्न बनेको अध्यादेश र लगानीसम्बन्धी कानुन संशोधन गर्न बनेको अध्यादेश ल्याउन सरकारले राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरिसकेको छ । पपुलिस्ट व्यवस्था भएको कारण विपक्षी दलहरूले यसको खुलेर विरोध गर्न सकेका छैनन् ।

तर महत्त्वपूर्ण प्रश्न भनेको सदन समयमा नखुलाएर अध्यादेशबाटै सत्ता सञ्चालन गर्न खोजिनु हो । मंसिरमै खोल्नुपर्ने सदन विपक्षी दलहरूको अकर्मण्यताका कारण बन्द छ । सायद राष्ट्रिय सभामा सत्तापक्षको बहुमत पुग्दैन भनेर होला विपक्षी दल माओवादी मौन बसेको । यही कारण देखाएर एमालेले पनि नेपाली कांग्रेसलाई रिझाएको होला । तर आफूलाई दुईतिहाइको सरकार भनेर धक्कु देखाउने, अध्यादेशको टेकोमा सरकार चलाउने– यो युक्तिसंगत देखिन्न । वाहवाही र पपुलिस्ट कार्यक्रम ल्याए पनि अध्यादेश क्षणिक हो । यसले सदन फेस गर्नैपर्छ । भोलि दुवै सदनबाट पारित हुन नपाए यस्तो व्यवस्थाले कचिंगलमात्र सिर्जना गराउँछ ।

यसैले यस्तो विषयमा सरकार र विपक्ष चनाखो बन्नैपर्छ । अति आवश्यक नियम कानुनमा प्रतिपक्षले पनि अवरोध गर्न हुन्न । यस्तो विषय सदनबाटै 'फास्ट ट्र्याक'मा ल्याएर कानुन बन्नुपर्छ । अध्यादेशबाट केही समयका लागि लागू हुनेगरी अधकल्चो पार्नु हुन्न । अध्यादेशको टेकोमा सत्ता चलाउन खोज्नु मूर्खता पनि हो । यस्तो विषयमा पटक–पटक अनुभव बटुलिसकेका ओली किन अझै चेतेका छैनन् ? यो आफैंमा गम्भीर विषय हो । त्यसैले राष्ट्रपति रामचन्द्र पौडेलले विगतझैं यस्तो विषयमा सुझबुझपूर्ण निर्णय गर्नुपर्छ । यसो भएमा मात्र राष्ट्रपतिको गरिमा बढ्ने देखिन्छ ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाँदा ख्याल गर्नुपर्ने विषय

वैदेशिक रोजगारीमा जाने प्रक्रिया थाल्दा सामान्य कुरा ख्याल नराखे विभिन्न समस्या आइलाग्न सक्छ । यी कुराहरु ध्यान राखे समस्यामा फसिने डर हुँदैन ।

### वैधानिक कम्पनीमार्फत जानुहोस्

तपाईंले सम्पर्क गरेको म्यानपावर इजाजत प्राप्त कम्पनी हो कि होइन ? उक्त म्यानपावरको काम कारबाही रोक्का तथा खारेजीमा परेको छ छैन ? बुझ्नुहोस् । भिसा आएपछि म्यानपावरको बैंक खातामा वा मुख्य कार्यालयमा मात्र रकम बुझाएर रकमको भर्पाइ लिनुपर्छ ।

### दूतावासको सम्पर्क राख्नुहोस्

काम गर्न जाने मुलुकमा रहेको नेपाली दूतावास र सहयोग गर्ने संघसंस्थाहरूको सम्पर्क ठेगाना राख्नुपर्छ । आफू समस्यामा पर्दा तुरुन्तै यी संस्थाबाट सहयोग लिनुहोस् ।

### कागजात बलियो राख्नुहोस्

करार अवधि सकिएपछि पनि स्वीकृतिबेगर, गैरकानुनी तरिकाबाट बस्दा सम्बन्धित देशको कानुनअनुसार कारबाही हुन्छ । आफूले प्राप्त गरेका कागजातको प्रतिलिपि एक थान आफ्नो घरमा र एक थान आफ्नो साथमा लिएर जानुपर्छ । साथमा लिएर जानुपर्ने कागजातहरु रूजु गरेर लानुपर्छ नत्र अध्यागमन वा विदेशमा पुगेर समस्या पर्नसक्छ ।

### वैधानिक माध्यमबाट पैसा पठाउँ

रेमिट्यान्सबाट नेपालमा पैसा पठाउन तुलनात्मक रुपमा सस्तो र सुरक्षित हुन्छ । विभिन्न रेमिट्यान्स कम्पनीहरुबाट वैधानिकरुपमा पैसा पठाउनुपर्छ । यसरी वैधानिक माध्यमबाट पैसा पठाउँदा नेपाल सरकारबाट विभिन्न सुविधासमेत प्रदान गरेको छ । हुन्डीलगायत अनौपचारिक र गैरकानुनी माध्यमबाट पैसा पठाउँदा ठगिने जोखिम बढी हुन्छ ।

### श्रम सम्झौता भएका देशमा जाने

श्रम सम्झौता भएका देशमा गए रोजगारी, सुरक्षा, सेवा सुविधा, रोजगार अधिकारजस्ता विषय सुनिश्चित गरिएको हुन्छ । पारदर्शी छनोट प्रक्रिया र लागत, समस्यामा परेका कामदारको छिटो उद्धार, रोजगारदाताका विषयमा सम्बन्धित देश जवाफदेही हुने, बिमा आदिको ग्यारेन्टी पनि हुन्छ । यद्यपि आप्रवासी श्रमिकका हकमा बलियो कानुन भएका विकसित देशहरुमा भने यस्तो अधिकार पाइन्छ ।

### सीप सिक्नुकोस्

वैदेशिक रोजगारीमा जाँदा हातमा सीप भए काम पाउन सहज हुन्छ । सीप नहुँदा जस्तोसुकै काम गर्नुपर्ने हुँदा जोखिमपूर्ण हुनसक्छ । सीप भएकाहरूले तुलनात्मकरूपमा बढी कमाउँछन् । निश्चित काममा दक्ष भएर जाँदा मानसिकरूपमा पनि बलियो भइन्छ ।

# अनुहारमा होइन विचारमा सुन्दरताको खोजी



■ राजकुमार दिक्पाल

"संसार अनित्य छ, कुनै भौतिक वस्तु स्थायी छैन । नश्वर शरीर त एक दिन बिलाएर जान्छ । जतिसुकै सुन्दर भए पनि समय क्रमसँगै अनुहार खुम्चँदै चाउरी पर्दै जान्छ । सीधा र आकर्षक शरीर पनि कुप्रिँदै जान्छ । हट्टाकट्टा शरीर समय पुगेपछि कमजोर हुँदै जान्छ । रौंहरु झर्न थाल्छन् । अन्ततः हाम्रो भौतिक देह एक दिन माटोमा मिल्न पुग्छ । तर हामीले सुन्दर विचार राख्यौं भने त्यो एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जान्छ । सुन्दर विचारले सुन्दर समाज निर्माणका लागि मार्गदर्शन गर्छ । त्यसैले सुन्दर निर्माणमा जुट्न सुन्दर विचार बोक्न जरुरी छ ।"

जंगबहादुरको बेलायत यात्रा वृत्तान्तमा उमेरदार युरोपेली नारीहरूको सौन्दर्यको थोरै बयान गरिएको पढ्न पाइन्छ । त्यस यात्रा वृत्तान्तमा युरोपेली युवतीहरूको नाकको अलिकति चर्चा गरिएको छ । उनीहरूको नाकलाई 'तेलको धारा'जस्ता भनिएको छ । व्यक्तिले व्यक्तिमाथि दृष्टि दिँदा उसका आँखाहरूको मूल आकर्षणको केन्द्र अनुहार नै हुन्छ ।

समकालीन दुनियाँमा मानिसको आँखा, नाक वा शारीरिक वनोट हेरेर सौन्दर्यको चर्चा गर्ने वा औसत धारणा बनाउने प्रवृत्ति उत्पात मौलाएको छ । त्यसैले अधिकतम् व्यक्तिहरूले सकेसम्म आफ्नो आवरणलाई सुन्दर बनाउन चाहन्छन्, जसका कारण आफ्नो अनुहार हेरेर अरुले आफूमाथि राम्रो धारणा बनाऊन् । तर, व्यक्तिको सौन्दर्यलाई केवल अनुहारको रूपरङमा मात्र सीमित गरिए त्यो ठूलो भ्रम हुने छ । अनुहारबाट मात्रै मानिसको वास्तविक पहिचान भेट्न सकिन्न । मानिसको वास्तविक सुन्दरता त उसले बोकेको विचारमा मात्र पाइन्छ । महान विद्वान अष्टबक्राले भनेकै छन्, 'आत्मदृष्टिले हेरियो भने असुन्दर भन्ने केही पनि पाइन्न । तर चर्मदृष्टिले हेर्न थालियो भने असल भन्ने देख्न मुस्किल पर्ने छ । चर्मदृष्टिले त अज्ञानीले मात्रै हेर्छ ।'

अष्टबक्राको यो भनाइलाई हामीले गहिराइमा पुगेर ध्यानदृष्टि दियौं भने मनन् गर्नपर्ने उच्च तहको दर्शन पाउन सक्छौं । तर अहिलेको यो अस्वस्थ होडबाजीको युगमा यस्तो दर्शन र ज्ञान सम्झाउने र सम्झनेहरूको खडेरी पर्न थालेको छ । यो सभ्य समाजको सूचक होइन ।

मानिसको अनुहारमात्रै हेरेर दृष्टिकोण बनाउनु पनि चर्मदृष्टिको उपज हो । हामी भन्न सक्छौं, मानिसको बाहिरी रूप, रङ वा आवरण हेरेर मात्रै निर्णयमा पुग्न थालियो भने त्यो हतारो हुने छ । हामीले मानिसको विचारबाट मात्रै उसको सौन्दर्यको सही मूल्यांकन गर्न सक्छौं ।

### सुकरातको अनुहार अवलोकन

असल विचार र दर्शनको प्रवाह गर्दा समाज भाँडेको आरोप लागेको थियो महान दार्शनिक सुकरातलाई । त्यही आरोपमा त्यसबेलाको आडम्बरी शासकले उनलाई मृत्युदण्ड दिएको थियो । शारीरिक दृष्टिले सुकरातमा आकर्षक व्यक्तित्त्व थिएन । उनी होचो कदका थिए र हिँड्दा पनि बांगो पाराले हिँड्थे । उनीको अनुहार कुरूप थियो । तर पनि उनको पछाडि लाग्ने शिष्यहरूको लर्को सानो थिएन । यसको कारण थियो, उनीबाट प्रवाहित हुने सुन्दर विचारहरूको प्रवाह ।

एक दिन उनी आफ्ना शिष्यहरूलाई प्रवचन दिइरहेको बेला एक ज्योतिष उनीसम्मुख उपस्थित भए । ती ज्योतिष कसैको अनुहार हेरेकै भरमा मानिसको भविष्यवाणी गरिदिने घमण्ड गर्थे । ती ज्योतिषले सुकरातको अनुहार हेर्दै भने, 'यो मानिसमा क्रोध नै क्रोध छ । नाक हेर्दा यस्तै लाग्छ । निधार र टाउकोको वनोट हेर्दा यो मानिस लोभी हुनुपर्छ । चिउँडो हेर्दा अत्यन्तै सन्की छ । ओठ र दाँतको आकारले भन्छ, यो मानिस देशद्रोहका लागि लालायित छ ।' यो सुनेर ती ज्योतिषलाई सुकरातले राम्रो पुरस्कार दिएर पठाउँदा उनका शिष्यहरू ठूलो आश्चार्यमा परे । आफ्ना शिष्यहरूको आश्चार्य बुझेर सुकरातले उनीहरूलाई भने, 'ज्योतिषले भनेको सबै दुर्गुण मसँग छ । यो म स्वीकार गर्छु । तर ज्योतिषले मेरो विवेकलाई ध्यान दिएनन् । म आफ्नो विवेक शक्तिले सबै दुर्गुणमा अंकुश लगाउन सक्छु ।'

मानिसले अनुहार हेरेर सबै कुरा थाहा पाउनसक्ने भए ती ज्योतिषले भनेजस्तै सुकरात पनि अत्यन्तै खराब हुनुपर्ने हो । तर, उनी त संसारको महान दार्शनिक भएर अमर बने । उनैले जन्माएका शिष्य प्लेटो अर्का महान विचारक भए भने प्लेटोको शिष्य एरिस्टोटलको विषयमा जति चर्चा गरे पनि कम हुन्छ । सुकरातको जन्म एक व्यक्तिमा मात्रै सीमित भएन, उनी त समाजको मार्गदर्शक बने ।

सुकरातको समयमा उनको इर्श्या गर्ने र आफूलाई विद्वान स्वघोषणा गर्नेहरू प्रशस्तै थिए । उनीहरू आफूलाई 'सोफिस्ट' भन्थे । तर सुकरातचाहिँ आफूलाई फिलोसोफर भन्थे । ल्याटिन भाषामा 'फिलो' भनेको ज्ञान र 'सोफर' भनेको प्रेमी हो । विनयशील सुकरातले आफूलाई विद्वान नभनी ज्ञानको प्रेमी भन्ने गर्थे । यसबाट पनि असल चिन्तकहरूमा विनयशीलताजस्तो महानता कतिसम्म हुँदो रहेछ भन्ने थाहा पाउन सकिन्छ । हाम्रा कवि शिरोमणि लेखनाथ पौड्यालले भनेजस्तै फलेको वृक्षको हाँगो ननुहेको कहाँ छ र ?

### रूप र चिन्तनको संयोजन

मिलेको अनुहार, चम्किला आँखा, आवश्यकताअनुहारको उचाई र दन्तुरुस्त शरीरको चाहना सबैलाई हुन्छ । तर सबैले त्यो अवसर पाउन सक्दैनन् । प्रचलित सौन्दर्य दृष्टिमा अनाकर्षक शारीरिक वनोट लिएर जन्मने मानिसलाई त्यो मानिसले अपहेलना गर्छ, जोसँग अष्टबक्राले भनेजस्तै आत्मदृष्टि होइन, चर्मदृष्टि मात्र हुन्छ ।

हामी रूप र चिन्तनको उदाहरण दिँदा सिद्धार्थ गौतमको उदाहरण दिन सक्छौं । उनले ज्ञान प्राप्तिको खातिर दरबारिया भौतिक सुख परित्याग गरे । त्यसबेला पुरुषहरूले पनि केश विन्यासलाई ठूलो महत्त्व दिन्थे । उनले दरबार छाडेपछि आफूले बोकेको छुरीले आफ्नो कपाल आफैं काटे । उनी कतिसम्म सुन्दर थिए भने उनलाई ३२ लक्षणले युक्त पुरुष मानिन्थ्यो । उनले भौतिक सुखसयल र आफ्नो सुन्दर अनुहारप्रति कुनै मोह राखेनन् । धैर्यतापूर्वक गरिएको ध्यान साधनाबाट उनले बुद्धत्त्व प्राप्त गरे । अनि उनी गौतम बुद्धको रूपमा प्रसिद्ध बने ।

बुद्धत्त्व प्राप्त गरिसकेपछि उनले आफ्ना शिष्यहरूलाई भौतिक सुख र सौन्दर्यतिर रत्तिभर ध्यान नदिई साधनामा लाग्न प्रेरित गरिरहे । दाह्री, जुँगा र कपाल खौरन र वस्त्रका रूपमा चिवर धारण गर्न शिष्यहरूलाई प्रेरित गरे । चिवर भनेको मसानघाटहरूमा फचाँकिएको मृतकका वस्त्रहरू हुन् । तिनीहरूलाई धोई सफा गरी, सिलाइ धारण गर्न उनले शिष्यहरूलाई प्रेरित गरिरहे । उनका शिष्यहरूले त्यसलाई अनुशरण गरे ।

गौतम बुद्धकी एक दिदी (सानी आमा प्रजापति गौतमीतिरकी छोरी) थिइन्, नन्दा । उनी अत्यन्तै सुन्दरी थिइन् । उनमा आफ्नो सुन्दरताको ठूलो घमण्ड थियो । बुद्ध उनलाई शारीरिक सौन्दर्यको घमण्डबाट मुक्त गराएर भिक्षुणी बनाउन चाहन्थे । निक्कै लामो प्रयासपछि बुद्धले सौन्दर्यको घमण्डबाट मुक्त गराएर नन्दालाई भिक्षुणी बनाउन सफलता प्राप्त गरेका थिए ।

गौतम बुद्धको विचारमा शारीरिक सौन्दर्य गौण हो, त्योभन्दा उत्तम त सुन्दर विचार हो । सुन्दर विचारले सुन्दर समाज निर्माण गर्छ । सुन्दर समाजका लागि उपकारी मनहरूको जमघट आवश्यक हुन्छ । उपकारी मनका लागि सुन्दर विचार चाहिन्छ । गौतम बुद्ध भन्थे, 'तिमीले प्रत्येकपल्ट सास फेर्दा तिम्रो आयु घटिरहेको हुने छ । त्यसैले आफ्नो प्रत्येक क्षण तिमी प्राणी जगत्को उपकारमा लगाऊ ।'

### नश्वर शरीर अमर विचार

संसार अनित्य छ, कुनै भौतिक वस्तु स्थायी छैन । नश्वर शरीर त एक दिन बिलाएर जान्छ । जतिसुकै सुन्दर भए पनि समय क्रमसँगै अनुहार खुम्चँदै चाउरी पर्दै जान्छ । सीधा र आकर्षक शरीर पनि कुप्रिँदै जान्छ । हट्टाकट्टा शरीर समय पुगेपछि कमजोर हुँदै जान्छ । रौंहरू झर्न थाल्छन् । अन्ततः हाम्रो भौतिक देह एक दिन माटोमा मिल्न पुग्छ । तर हामीले सुन्दर विचार राख्यौं भने त्यो एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जान्छ । सुन्दर विचारले सुन्दर समाज निर्माणका लागि मार्गदर्शन गर्छ । त्यसैले सुन्दर निर्माणमा जुट्न सुन्दर विचार बोक्न जरुरी छ ।

अनुहारको सौन्दर्य र विचारको उत्कृष्टताको प्रसंग कोटयाउँदा महान नाटककार तथा मानवतावादी व्यक्तित्त्व जर्ज बर्नाड शको धारणालाई पनि उदाहरणको रूपमा लिन सकिन्छ । उनको प्रतिभाबाट प्रभावित नहुने कोही थिएनन् । यस्तै प्रभावमा पर्ने हलिउडकी एक जना सुन्दरीले उनलाई विवाहको प्रस्ताव राख्दै भनिछन्, 'तिमी र म विवाह गरौं र हामी यस्तो सन्तानलाई जन्म दिऔं कि रूप मेरोजस्तो होस अनि बुद्धि तिम्रोजस्तो ।' यो सुनेर जर्ज बर्नाड शले ती सुन्दरीलाई उल्टै प्रश्न गरेछन्, 'हे सुन्दरी, तिम्रो कुरा त ठीकै हो, तर हामीबाट जन्मिने सन्तानमा रूप मेरोजस्तो र बुद्धिचाहिँ तिम्रोजस्तो भयो भने के गर्ने नि ?' त्यसैले हामी पनि अनुहारमा होइन, विचारमा सुन्दरताको खोजी गरौं । *रासस*

पृष्ठ १ बाट क्रमशः

# अख्तियार र सम्पति शुद्धीकरण मौन

'ठूलालाई चैन, सानालाई ऐन' भन्ने त नेपाली उखानै छ । पहुँचवालाले यहाँ कानुन तोडे पनि, सीधासाधीको घरबास उजाडे पनि उनीहरूको अगाडि नियामक निकाय हात बाँधेर बस्छ । राजधानीको पुतलीसडकस्थित सिन्सियर सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडले सडकमा ल्याइपुऱ्याएको भनी पटक-पटक उजुरी पर्दा पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग आँखामा पट्टी बाँधेर बसेका छन् ।

अवैधरूपमा जोडेको सम्पत्ति छानबिनका लागि गठन गरिएको अख्तियार र सम्पत्ति शुद्धीकरणले अनुसन्धानमा चासो नदेखाएर सीधासाधीलाई 'मर्नु न बाँच्नु' बनाउनेलाई कारबाही नगरेर झन् ठग्नलाई प्रश्रय दिइरहेका छन् । सिन्सियरविरुद्ध पहिलोपटक २०७९ चैत ८ गते अख्तियार र सम्पत्ति शुद्धीकरणमा उजुरी परेको छ । अख्तियारमा दर्ता भएको उजुरीको दर्ता नम्बर सी-०४८८०९ रहेको छ ।

त्यसैगरी, सोही दिन सम्पत्ति शुद्धीकरणमा पनि उजुरी परेको देखिन्छ । उजुरीको दर्ता नम्बर ४४५५ रहेको छ । उजुरीमा सिन्सियरको ठगीधन्दाको नालीबेली उल्लेख गरिएको छ । २०५७ मंसिर २९ गते दर्ता भएको उक्त संस्थाले कसरी ऋणीको सर्वस्व सकायो ? उजुरीकर्ताले उजुरीमा खुलाएका छन् । अर्काको उठीबास लगाएर संस्थाका अध्यक्ष राजेन्द्रभक्त श्रेष्ठ, कार्यकारी निर्देशक राजेश खड्का र कर्जा अधिकृत मीरा कर्माचार्यले सम्पत्ति जोडेकोबारे पनि बेलीविस्तार लगाइएको छ ।

चार पृष्ठ लामो सो उजुरीमार्फत उजुरीकर्ताले उनीहरूले गलत रूपमा कमाएको सम्पत्तिमाथि छानबिन गर्न जोडतोडका साथ माग गरेका छन् । राजनीतिक दल र गुण्डागर्दीको आडमा सिन्सियरले ठगीधन्दा चलाएको उजुरीकर्ताको जिकिर छ । उजुरीमा भनिएको छ, 'राजनीतिक दल र गुण्डाको आडमा ठगीधन्दा चलाएर, हजारौंको उठीबास लगाएर जोडेको सम्पत्तिमाथि छानबिन गर्न भनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष माग गर्दछु । गलत तरिकाले कमाएको सम्पत्ति छानबिन गरी निजहरूलाई कानुनको दायरामा ल्याउन अनुरोध गर्दछु ।'

सो उजुरीमा सम्पत्ति शुद्धीकरणलाई बोधार्थ दिइएको छ । उजुरीकर्ताका अनुसार सिन्सियरले विशेषतः टयाक्सी चालकलाई कर्जा दिने गरेको छ । घरजग्गा, सेयर, निजी गाडीमा पनि सिन्सियरको कर्जा लगानी रहेको छ । कति चालक नपढेका, कति साधारण पढलेख भएकाले ठग्न सजिलो हुने भएकाले उनीहरूलाई कर्जा दिइने उजुरीकर्ताको जिकिर छ । १५ लाखको टयाक्सी राखेर १० लाख कर्जा दिँदा २५ हजार घूस र २० हजार रूपैयाँ सेवाशुल्क लिइने र मासिक ब्याज पनि १५-२० प्रतिशतले असुल्ने उजुरीपत्रमा उल्लेख छ ।

एक करोडको घरजग्गा राखेर ६० लाख कर्जा दिँदा १० लाख घूस खाइदिने पनि भनिएको छ । तीन किस्ता नतिर्नेबित्तिकै धितो खाइदिने र मासिक तिरेको किस्ता बचत खातामा लगेर हालिदिने पनि उजुरीकर्ताले बताएका छन् । कर्जा दिने बेला खाली नेपाली कागज र फोटोकपीमा ल्याप्चे र हस्ताक्षर गराउने सिन्सियरले ऋणी उपस्थित नै नभईकन मालपोत र यातायातबाट धितो नामसारी गर्छ ।

त्यसरी नै संस्थाका पदाधिकारीहरू करोडौंको मालिक बनेको उजुरीकर्ताको भनाइ छ । सिन्सियरको कारणले धेरै परिवार विस्थापित भएका छन् । त्यस्तै, सिन्सियरविरुद्ध २०८० साउन २८ गते अर्को उजुरी परेको छ । 'सम्पत्तिको छानबिन गरिपाऊँ' भन्दै परेको उजुरीको दर्ता नम्बर सी-००८०६२ रहेको छ । उनीहरूले कर्जावालसँग घूस खाएर अंकुत सम्पत्ति जोडेको भन्दै छानबिनको लागि अख्तियारको ध्यानाकर्षण गराइएको छ । विगतमा खासै पुर्ख्यौली सम्पत्ति नभएका उनीहरू सहकारीको पदाधिकारी बनेको छोटो समयमै महलजस्तो घरमा बस्ने र ठूला गाडी चढ्ने हैसियतमा पुगेको उजुरीकर्ताले बताएका छन् ।

कर्जावाललाई सडकको बासमा पुऱ्याएर मोटाएकाहरूलाई कानुनको दायरामा ल्याउन माग गरिएको छ । पछिल्लोपटक संस्थामा भएको कालोधन छानबिनको माग गर्दै उजुरी परेको देखिन्छ । संस्था कालोधन राख्ने थलो बन्दै उजुरीकर्ताले अख्तियारको ध्यान केन्द्रित गराएका छन् ।

- राधिका खड्का

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



भााचिएको पुल | पूर्व-पश्चिम राजमार्गअन्तर्गत नवलपरासी (बर्दघाट सुस्तापूर्व)को विनयी त्रिवेणी-१ दुम्कीवासमा शुक्रबार साँझ भाँचिएको पुल । पुल भाँचिएपछि अहिले वैकल्पिक मार्गबाट यातायात सञ्चालन गरिएको छ । *तस्बिर: विष्णुप्रसाद गौडेल/रासस*

# सात करोडको काठ वन कार्यालयमै कुहिँदै

**धरान (सुनसरी)**– सुनसरीको धरान उपमहानगरपालिका-८ तीनकुनेमा रहेको सबडिभिजन वन कार्यालय पाँचकन्या र विष्णुपादुका सबडिभिजन वन कार्यालयमा राखिएको काठ कुहिन थालेको छ ।

लामो समयसम्म ठेक्का लाग्न नसक्दा भण्डारण गरिएको १५ हजार क्युफिट काठ वन कार्यालयमै कुहिएर काम नलाग्ने भएको सबडिभिजन वन कार्यालय पाँचकन्याका प्रमुख महेशकुमार साहले जानकारी दिए । दुई दशकदेखिको काठ यहाँ रहेको छ । विशेषगरी मुद्दाको काठ वर्षौंदेखि थन्किएको छ । 'ठेक्का नलाग्दा सात करोड रूपैयाँबराबरको काठ त्यत्तिकै थन्किएर वन कार्यालयमै कुहिन थालेको छ,' प्रमुख साहले भने । अहिले 'ए ग्रेड' को प्रतिक्युफिट काठ एक हजार २०० रूपैयाँ, 'बी ग्रेड'को ९०० रूपैयाँ र 'सी ग्रेड'को ६५० रूपैयाँमा बिक्री हुँदै आएको छ ।

नेपाल वन पैदावर उद्योग व्यवसायी संघका अध्यक्ष डिकबहादुर भुजेलले झन्झटिला नीति-नियमका कारण काठ त्यसै खेर गइरहेको बताए । नेपाली काठ उत्पादन प्रशस्त भए पनि सरकारको नीति र कर्मचारीले नै विभिन्न झमेला गरिदिँदा काठ त्यत्तिकै खेर जाने गरेको उनको भनाइ छ ।

जिल्ला वन कार्यालयका अनुसार यहाँ आर्थिक वर्ष २०८०/८१ मा ६४ हजार ५०० क्युफिट काठ थन्किएको छ । चालु आव २०८१/८२ को हालसम्ममा २५ हजार ४०० क्युफिट काठ नयाँ थपिएको छ । एक महिनाअघि वन कार्यालयले १६ हजार ९०० क्युफिट काठ बोलपत्र प्रक्रियाबाट बिक्री गरेको छ भने हाल वन कार्यायलमा ७२ हजार ९०० क्युफिट काठ घाटगद्दी गरिएको कार्यालयले जनाएको छ ।

जिल्ला वन कार्यालयका डिभिजन वन अधिकृत खुद्रिस मियाँले अदालती प्रक्रिया र केही झन्झटिलो कानुनी प्रक्रियाका कारण चाहेको समयमा काठ लिलामी गर्न नसकिएको बताए । उनले भने, 'पाँच पटकसम्म ठेक्का रद्द भएको छ । दुई-तीन पटक ठेक्का लागेर पनि ठेकेदारले धरौटी नै छाडेर पनि काठ उठाएनन् ।'

बर्सेनि चाहिनेभन्दा तीन गुणा बढी काठ उत्पादन गर्न सकिन्छ । तर सरकारी नियम र कर्मचारीको बदमासीका कारण स्वदेशमै आवश्यक काठ आपूर्ति हुन नसकेको काठ व्यापारीको भनाइ छ । आफ्नो काठ जंगलमै कुहाएर बजारमा कृत्रिम अभाव खडा गर्दै विदेशबाट काठ आयात भइरहेको व्यवसायीको आरोप छ । *रासस*

# भरियाले धानेको खुम्बु क्षेत्रको ढुवानी



■ सुवास दर्नाल

**सोलुखुम्बु**– खुम्बुको ठाडो उकालो बाटो, त्यसमाथि पिठ्चुँमा १०० किलोको काठ । पसिनाले निथ्रुक्क भिजेको शरीर । आकाश कुलुङको दैनिकी यसरी नै बित्ने गरेको छ । बिहान सूर्योदयसँगै सुरू हुने यात्रामा उनी पिठ्चुँमा १०० किलोभन्दा बढीको भारी बोकेर सुर्केबाट लुक्लातर्फ करिब पाँच घण्टाको कठिन उकालो पार गर्छन् ।

यो बाटो अन्य यात्रुलाई रित्तो हिँड्न पनि हम्मेहम्मे पर्दछ । तर उनका लागि यही उकालो नै परिवारको जीवन धान्ने गतिलो माध्यम बनेको छ । उमेरले २६ वर्षमात्र पुगेका कुलुङको घर सोलुखुम्बु महाकुलुङ गाउँपालिका-४ गुदेल हो । निम्नवर्गीय परिवारमा जन्मिएका उनले सानैदेखि संघर्षसँग साक्षत्कार गर्नुपर्‍यो । सानै उमेरमा आमा गुमाएका उनको घरमा अहिले बुबा, श्रीमती र दुई साना छोरा छन् । बालबच्चाको शिक्षादीक्षा र सिंगो परिवारको पालनपोषण गर्ने जिम्मेवारी कुलुङकै काँधमा छ । परिवारको गुजारा चलाउन र बालबच्चाको शिक्षादीक्षाको खर्च जुटाउन दैनिकजसो भारी बोक्नु उनको बाध्यता हो ।

'हाम्रो जिन्दगी यसरी नै चल्छ । यो काम नगरी बाँच्न सकिँदैन,' निधारको पसिना पुछ्दै उनी भन्छन् । दैनिक जीवनका लागि काठ, खाद्यान्न, जस्तापाता र अन्य सामग्रीका भारी बोकेर उकाली चढ्दा कुलुङ दिनभरि पसिना बगाउँछन् । भारी बोक्ने एक दिनमा उनले दुई हजार ५०० देखि तीन हजार रूपैयाँसम्म कमाउँछन्, तर यो कमाइले परिवारको आवश्यकता पूरा गर्न हम्मेहम्मे पर्छ । बढ्दो महँगी र घट्दो आर्थिक उपार्जनले कुलुङजस्ता धेरै युवाको गुजारा कठिन अवस्थामा धकेलेको छ । तर यही आम्दानीलाई मुख्य स्रोत मान्दै भारी बोक्नुपर्ने बाध्यता यहाँका बेरोजगार युवामा छ ।

### उकालोमा पसिनाको कथा

सुर्केबाट लुक्लासम्मको यात्रामा उकाला मात्र छैनन्, खुड्किला-खुड्किला परेको अप्ठ्यारो बाटो पनि छ । यो बाटोमा भारी बोक्दै उकाली चढ्नु चानचुने कुरा होइन । भारी बोक्दा थाकेर कुलुङ केही समय विश्राम गर्छन् । त्यहीबेला लामो श्वास फेर्दै उन भन्छन्, 'यो जिन्दगी सजिलो छैन ।'

कुलुङका अनुसार खुम्बु क्षेत्रमा काम गर्ने भरियाको कामले मात्र स्थानीय ढुवानी प्रणाली धानेको छ । सडक अभावमा सामान ओसार्न भरियाकै भर पर्नुपर्छ । आकाश कुलुङ एक प्रतिनिधि पात्रमात्र हुन् । खुम्बु क्षेत्रका सयौं भरियाको जीवन यस्तै छ । महाकुलुङ, सोताङ र आसपासका विकट गाउँका युवा रोजगार खोज्दै खुम्बु पुग्छन् । भारी बोक्ने कामले उनीहरूको परिवारको जीविका धानेको छ । तर यो कामले न उनीहरूको जीवन सजिलो बनाएको छ, न भविष्यको ग्यारेन्टी नै गरेको छ । सुर्केसम्म सडक विस्तार भइसकेको छ, तर त्यसभन्दा माथि सडक पुगेको छैन । यसले गर्दा लुक्ला र आसपासका क्षेत्रमा भरियाको माग छ ।

सामान ओसारपसारको एकमात्र विकल्प मानव श्रम नै हो । खुम्बु क्षेत्रका पर्यटक गन्तव्य विश्वमै प्रसिद्ध छ, तर त्यहाँका भरियाको जीवन भने उस्तै कष्टकर छ । खुम्बुमा महँगी भएका कारण दिनभर कमाएको आम्दानी खानामै बढी खर्च हुने गरेको भरिया नवराज विकले बताए ।

'यहाँ महँगो छ, दिनभर पसिनाको धारा छुटाएर भारी बोक्छौं तर त्यो पैसा खाना बस्नमा धेरै खर्च हुन्छ, यहाँ यसो हिसाब गर्दाचाहिँ धेरै कमाइ भयोजस्तो लाग्छ तर घर फर्किंदा कहिले त रित्तो हातजस्तै हुन्छ, गाह्रो छ भरियाको जिन्दगी,' विकले भने । उनीहरूका लागि भारी बोक्नुबाहेक अरू विकल्प छैन । उनीहरूको पसिनाले खुम्बुको अर्थतन्त्र धानेको छ, तर भारियाको जीवनमा स्थायित्व र सुविधा भने आउन सकेको छैन ।

'मलाई अर्को सजिलो काम भेटिए हुन्थ्योजस्तो लाग्छ,' भरिया विक भन्छन् । यति मिहेनत गरे पनि यहाँ भरियालाई गर्ने व्यवहार भने फरक रहेको उनीहरूको गुनासो छ । भारी बोक्ने भन्नेबित्तिकै नराम्रो नजरले हेर्ने र कतिले त अपमान नै गर्ने गरेको भारियाहरूको गुनासो छ ।

खुम्बुको उकालो र भारी बोक्ने कथाले नेपालका विकट क्षेत्रका युवाहरूको जीवनको यथार्थलाई चित्रण गर्दछ । विकट भूगोल र विकासको असमानताले उनीहरूको संघर्षलाई थप चुनौतीपूर्ण बनाएको छ । स्थानीय पूर्वाधारको सुधार र रोजगारीका विकल्प खोज्नु यस्ता समस्याको दीर्घकालीन समाधान हुनसक्छ । आकाश कुलुङ र नवराज विकजस्ता युवाहरूले ढुवानीमा गरेको परिश्रमलाई सम्मान गर्दै सरकारले उनीहरूको जीवनस्तर सुधार गर्ने योजना अघि सार्न आवश्यक छ । खुम्बुका पर्यटकका लागि यो उकाली दृश्यावलोकनको रमाइलो पाटो हो । तर भारियाका लागि यो उकाली जीवन धान्ने संघर्ष हो । *रासस*

# संसारीदेवी आधारभूत विद्यालयमा कम्प्युटर प्रयोगशाला

**काभ्रेपलाञ्चोक (प्रस)**– अमेरिकन संस्था 'आर स्टार फाउन्डेसन'को सहयोगमा काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका-४ जोरसल्लास्थित संसारीदेवी आधारभूत विद्यालयमा कम्प्युटर प्रयोगशालाको स्थापना गरिएको छ ।

फाउण्डेसनको सहयोगमा १५ कम्प्युटर, स्मार्टबोर्ड एक, पाँच स्मार्ट टिभी, ल्यापटप, प्रोजेक्टर एक, फोटोकपी मेसिन तथा प्रयोगशालाका लागि फर्निचर र कार्पेट व्यवस्थापन गरिएको हो । १६ लाख रूपैयाँको सहयोगमा उक्त प्रयोगशाला व्यवस्थापन भएको विद्यालयका प्रधानाध्यापक गोविन्द चिमौरियाले जानकारी दिए । उनका अनुसार २०५३ सालमा स्थापना गरी कक्षा ३ बाट सुरु गरिएको विद्यालयमा हाल कक्षा ८ सम्म १७३ विद्यार्थी अध्ययनरत छन् ।

स्थापित प्रयोगशालाको नमोबुद्ध-४ का वडाध्यक्ष अर्जुनबहादुर कार्की र फाउन्डेसनका निर्देशक ८१ वर्षीया रोसालिण्ड रुसेलले संयुक्तरूपमा शुभारम्भ गरेका छन् । सो अवसरमा रुसेलले प्रविधियुक्त शिक्षा आजको आवश्यकता भएकाले उक्त



विद्यालयमा कम्प्युटर ल्याबको स्थापनाले यहाँका विद्यार्थीमा चेतनास्तर बढ्नेमा आफू विश्वस्त रहेको बताए । 'शिक्षा संसारको ठूलो स्वतन्त्रता हो, प्रविधियुक्त शिक्षाले अझ फराकिलो शिक्षा प्राप्त गर्नमा मद्दत गर्दछ,' उनले भने, 'तपाईं विद्यार्थीहरूले समायानुकूल प्रविधिमैत्री शिक्षा पाउनुहुने छ, यसको सही सदुपयोग गर्नुस्, आफूलाई अब्बल विद्यार्थीका रूपमा प्रस्तुत हुनुस्, शुभकामना छ ।'

उक्त विद्यालयमा कम्प्युटर प्रयोगशालाको स्थापनाले विद्यार्थी खुसी भएका छन् । विद्यालयको बाल क्लबको अध्यक्ष कक्षा ८ मा अध्ययनरत अनिषा लामाले आफ्नो विद्यालयमा कम्प्युटर सिक्न पाउँदा निकै खुसी भएको बताए । उनले भने, 'हामीले कम्प्युटर चलाउन कि त बजारका साइबर धाउनुपर्थ्यो, कि त मोबाइलमा मात्र कम्प्युटर शिक्षा लिएको र चलाएको देख्न पाउँथ्यौं, आज अमेरिकन संस्थाले हाम्रै विद्यालयमा ल्याबको स्थापना गरिदिएपछि हामी सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीले सानै उमेरदेखि कम्प्युटर शिक्षा लिन तथा अभ्यास गर्न पाएकोमा निकै खुसी भएका छौं ।'

यसैगरी उक्त संस्थाले आयआर्जनमा टेवा पुगोस् भन्ने उद्देश्यले पाँचखाल नगरपालिका-१० बेलाका २५ गृहिणी महिलालाई बाख्रा प्रदान गरेको छ । रुसेल आफैँले प्रतिमहिला दुई वटाका दरले बाख्रा वितरण गरेका हुन् । ती बाख्राबाट जन्मेकोमध्ये दुई वर्षपछि एउटा बाख्रा फिर्ता गरी पुनः अर्को समूह बनाइने संस्थाका नेपाल निर्देशक रवीन्द्र सिटौलाले जानकारी दिए । उनका अनुसार संस्थाले नेपालमा ५२ महिला समूह निर्माण गरी बाख्रा वितरण गरेको छ ।


# Triyuga Municipality
## Office of The Municipal Executive
**Gaighat, Udayapur**
**Koshi Province, Nepal**

## Invitation For Bid

**IFB No.: -11-TM/UDA/2081/082**

Date of Publication: - 2081-09-29 (2025-01-13)

1. Triyuga Municipality Office, Gaighat, Udayapur invites online bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding.

| S.N. | Contract ID | Description & Location of Works | Estimated Amount (without VAT) (NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs) | Bid Validity Period/Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | TM-UDA-NCB-WORKS-11/ 2081-082 | Construction of Ward Office Building at Tri.Na.Pa.-16, Udayapur | 27,37,307.42 | 3,000.00 | 82,500.00 | 90 days/ 120 days |

2. Information to deposit the cost of bidding document and bid bond in bank:

| | | | |
|---|---|---|---|
| Office Name | Triyuga Municipality Office | Lase date of Submission | 2081-10-30 (12th Feb. 2025) Time: -12:00 Hrs. |
| Name of Bank | Rastriya Banijya Bank, Gaighat | Date of Bid Opening | 2081-10-30 (12th Feb. 2025) Time: -13:00 Hrs. |
| Aantarik Rajaswa Khata No. | GA-1-1 2090100301010004 (For Bid Document Fee) | Pre-bid Meeting | 2081-10-20 (02nd Feb. 2025) Time: -11:00 Hrs. |
| Rajaswa Shirshak No. | 14229 | Office Code No. | 80111403300 |
| Dharauti Khata No. | GA-3 2090100303000004 (For Bid Security) | | |

3. Bidder can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp
4. Online bids must be valid for a given Bid Validity Period for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
5. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064. Any amendments in tender notice shall be published in e-procurement section.
6. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
7. Triyuga Municipality Office, Gaighat, Udayapur reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

### फोटोग्राफर लामाको 'नेपाल इन मोनोक्रोम' सार्वजनिक

वरिष्ठ फोटोग्राफर मणि लामाले 'नेपाल इन मोनोक्रोम' पुस्तक ल्याएका छन् । उमेरले ७६ लागेका लामाको उक्त पुस्तक आइतबार सार्वजनिक गरिएको हो । पुस्तकसँगै बौद्धस्थित तारागाउँ संग्रहालयमा उनको फोटो प्रदर्शनीसमेत गरिएको छ । प्रदर्शनीमा उनले झन्डै ७० वर्षदेखि खिचेका तस्बिरहरु राखिएका थिए । अमेरिकामा कृषि पढेर आएका उनी जागिर नपाएपछि फोटोग्राफीमा होमिएका थिए । लामाले नै पहिलोपटक फोटो प्रदर्शनीको सुरुआत गरेको मानिन्छ ।





# कथा सकिने डरले चलचित्र निर्देशक बनेका गायक सपूत

**काठमाडौं–** गायक प्रकाश सपूतको परिचय संगीतकार, गीतकार, अभिनेता र निर्देशकका रूपमा स्थापित छ । गीत र श्रव्यदृश्यमार्फत आफ्नो कथालाई व्यक्त गरिरहेका गायक सपूतले चलचित्र निर्माण गरेका छन् । चलचित्रमा पनि माथि उल्लिखित भूमिकामै उनलाई पाउन सकिन्छ ।

एकै व्यक्तिले यति धेरै भूमिका निर्वाह गर्न कठिनाइ हुँदैन त ? यस जिज्ञासामा गायक सपूतले आउँदा दिनमा एक विधामा मात्र केन्द्रित हुने प्रतिक्रिया दिए । उनी निर्देशित पहिलो चलचित्र 'वसन्त'मा समावेश पहिलो गीत 'साँझ पर्‍यो झमक्कै' को गीत र श्रव्यदृश्य सार्वजनिक गर्न शनिबार साँझ दरबारमार्गमा रहेको एक चलचित्र भवनमा आयोजना गरिएको पत्रकार सम्मेलनमा गायक सपूतले आफ्नो समूहका कारण यसपटक सफल भए पनि आउँदा दिनमा एक विधाबाहेक अरुको जिम्मेवारी नलिने बताए ।

उनले भने, 'आफैंले सबै काम गर्दा गाह्रो नै हुनेरहेछ । विशेषतः निर्देशन र अभिनय एकैपटक गर्दा दुवैमा ऊर्जा बाँडिएको महसुस भयो । त्यसैले आउँदो



चलचित्रमा म निर्देशक भएमा आफ्नो दृश्यलाई निकै कम राख्छु, नत्र सुनिल विकलाई निर्देशनको जिम्मेवारी दिन्छु र म अभिनयमा मात्र केन्द्रित हुन्छु । किनकि मेरै पछिल्ला कामभन्दा कमजोर नहोस् भन्ने मेरो प्रयास रहन्छ ।'

यस विषयमा अभिनय र निर्देशनसँगै गरिरहेका निश्चल बस्नेत, अर्पण थापालगायतसँग छलफल गरेको गायक सपूतले बताए । उनले गायनमै व्यस्त हुँदा चलचित्र निर्देशनमा आउनु कथालाई धेरै दर्शकसम्म पुर्‍याउने चाहना भएको बताए ।

'भोगाइ, देखाइसहितका आफ्ना कथा गीतमार्फत व्यक्त गरिरहेको थिएँ । मलाई ती कथा गीतमै सकाउँछु कि भन्ने लाग्यो । त्यही भएर चलचित्र बनाउने योजनालाई मूर्तरूप दिएको हुँ । यो मजस्ता धेरै मध्यमवर्गीय युवाको कथा हो,' उनले भने । यो चलचित्रको कथामा आफ्नो बालापन र भोगाइ भए पनि आफ्नै जीवनी भने नरहेको गायक सपूतले स्पष्ट पारे ।

अभिनेत्री स्वस्तिमा खड्काले गायक सपूतले एउटा परिपक्व चलचित्रकर्मी भएर काम गरेको बताइन् । उनले भनिन्, 'गायक सपूतलाई मैले नयाँजस्तो कहींकतै पाइनँ । उनको काममा परिपक्वता थियो, जसलाई दर्शकले छिट्टै पर्दामा महसुस गर्नुहुने छ । यो चलचित्रमा जोडिएर शान्ति नामक पात्र बाँच्न पाउँदा आफूलाई भाग्यमानी ठानेकी छु । यो मलाई वर्षौंसम्म सम्झिने पात्र बन्ने छ ।'

सार्वजनिक गरिएको 'साँझ पर्‍यो झमक्कै' गीतमा शब्द, संगीत र स्वर सपूतकै रहेको छ भने गायनमा शान्तिश्री परियारले साथ दिएकी छन् । चलचित्रमा प्रभात पाल ठकुरी, अनुप बराल, कमलमणि नेपाल, प्रकाश घिमिरेलगायत कलाकारले अभिनय गरेका छन् । आर्थिकरूपमा विपन्न विश्वकर्मा समुदायको छोराको लेखक बन्ने सपना र लक्ष्य हासिल गर्न उसले गर्ने संघर्षलाई चलचित्रको विषय बनाइएको निर्माण पक्षले जनाएको छ । यो चलचित्र आगामी चैत २२ गतेदेखि प्रदर्शनमा आउने बताइएको छ ।

# सिर्जनात्मक शैलीमा पृथ्वीनारायण शाहको सम्झना



■ प्रभव संवाददता

**काठमाडौं–** पृथ्वी जयन्तीका दिन शनिबार कवि तथा सर्जकहरूले सिर्जनात्मक शैलीमा पृथ्वीनारायण शाहको स्मरण गरेका छन् । नेपाल एकीकरणको इतिहासमा पृथ्वीनाराणसँगै जोडिएको ऐतिहासिक डाँडा चन्द्रागिरि पुगेर त्यहाँस्थित पृथ्वीनारायणको सालिकसामु रचना वाचन गरी कविहरूले उनीप्रति श्रद्धाभाव प्रकट गरेका हुन् ।

पृथ्वीनारायण शाह आफ्नो मावली घर नुवाकोट यही डाँडाको बाटो हुँदै जाने क्रममा हालको भालेश्वर मन्दिर वरपरबाट उपत्यकाको सुन्दरता देखेपछि कीर्तिपुरसहितको काठमाडौं खाल्डोलाई गोरखा राज्यअन्तर्गत एकीकरण गर्ने कामना गरेका इतिहासकारहरू बताउँछन् । त्यसैले यो ऐतिहासिक चन्द्रागिरि डाँडामा चन्द्रागिरि हिल्सले पृथ्वीनारायण शाहको सालिक निर्माण गरेको छ र बर्सेनि पुस २७ मा उनको स्मरणमा विविध कार्यक्रमको आयोजना हुने गर्दछ ।

## रंगशाला

### तीनपोखरी आमन्त्रण कप

# मोरङ र झापा सेमिफाइनलमा

**संखुवासभा (प्रस)–** मोरङको बुल्स-११ र झापाको चुलाचुली टोली संखुवासभाको खाँदबारीमा जारी दोस्रो तीनपोखरी आमन्त्रण कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन् ।

खाँदबारी रंगशालामा शनिबार शीतलपाटी फुटबल क्लबलाई २-१ गेलले हराउँदै बुल्स-११ सेमिफाइनलमा पुगेको हो । बुल्सका लागि रोशनकुमार माझीले दोस्रो हाफको सातौं मिनेटमा र ३०औं मिनेटमा निश्चल खड्काले गोल गरेका थिए । शीतलपाटीका तर्फबाट पहिलो हाफको ३०औं मिनेटमा विजय भुजेलले सान्त्वना गोल गरेका थिए ।



शनिबार भएको अर्को खेलमा एड्भान्स क्लबको तर्फबाट पहिलो हाफको तेस्रो मिनेटमा वसन्त ओझाले गोल गरेर खेललाई अग्रता दिलाए । खेलको ३०औं मिनेटमा चुलाचुलीका तीर्थ बस्नेतले गोल फर्काएर बराबरी गरे । दोस्रो हाफमा चुलाचुलीका तीर्थ बस्नेतले अर्को गोल थपेर आफ्नो टोलीलाई विजयी बनाए ।

यसअघि एपिएफ कोशी प्रदेश र आयोजक तीनपोखरी क्लब सेमिफाइनलमा पुगिसकेका छन् । प्रतियोगितामा जिल्लाबाहिरका तीन र जिल्लाभित्रका पाँच क्लब सहभागी छन् । प्रतियोगिताको विजेताले ट्रफीसहित दुई लाख २५ हजार रूपैयाँ पुरस्कार प्राप्त गर्ने छ । उपविजेताले नगद एक लाख १० हजार रूपैयाँ पाउने छ भने सेमिफाइन पुगेका दुई टोलीले २५ हजार रूपैयाँ पुरस्कार प्राप्त गर्ने छन् । प्रतियोगिताको फाइनल खेल भोलि माघ १ गते हुने छ ।

# बागमती गोल्डकप फुटबल फागुनमा

**हेटौंडा (प्रस)–** सातौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिता आगामी फागुनमा हुने भएको छ । उक्त प्रतियोगिता बागमती गाउँपालिकामा निर्मित सहिद स्मृति रंगशालामा सञ्चालन हुने छ ।

बागमती गाउँपालिका खेलकुद विकास समितिले आइतबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा उक्त प्रतियोगिता फागुन १ गतेदेखि १० गतेसम्म बागमती-४ झुरझुरेस्थित रंगशालामा हुने जानकारी दिइयो । यसअघि उक्त प्रतियोगिता जनता मावि फापरबारीको खेल मैदानमा हुँदै आएको थियो । प्रतियोगितामा पहिलो हुने टोलीले १० लाख रूपैयाँ र दोस्रो हुनेले पाँच लाख रूपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने बागमती गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष रहरसिंह थिङले जानकारी दिए ।

प्रतियोगितामा 'ए' डिभिजनका सात र मोफसलका तीन टोली सहभागी हुने छन् । प्रतियोगिताको सर्वोत्कृट खेलाडीलाई एक लाख एक हजार रूपैयाँ तथा विधागत उत्कृष्ट खेलाडीलाई जनही २५ हजार रूपैयाँ, प्रत्येक खेलका म्यान अफ दि म्याचलाई १० हजार रूपैयाँ पुरस्कार प्रदान गरिने छ । फुटबल खेलको प्रवर्द्धनका लागि पालिकाले निकट भविष्यमा फुटबल एकेडेमी सञ्चालन गर्ने योजना बनाएको बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलानले जानकारी दिए । यसअघि छैटौं संस्करणको उपाधि मछेन्द्र युथ क्लब काठमाडौंले जितेको थियो । प्रतियोगिता सञ्चालन गर्न गाउँपालिकाले ३० लाख रूपैयाँ सहयोग गरेको छ ।

# राष्ट्रपति रनिङ शिल्डमा श्रीकेदार मावि प्रथम

**बैतडी (प्रस)–** जिल्लाको दोगडाकेदार गाउँपालिकामा जारी पाचौं गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ । दोगडाकेदार-७ लवलेकमा यही पुस २४ गतेदेखि सुरु भएको प्रतियोगिता शनिबार सम्पन्न भएको हो ।

प्रतियोगितामा गाउँपालिकाका ११ वटा विद्यालयको सहभागिता थियो । सहभागी विद्यालयमध्ये श्रीकेदार माध्यमिक विद्यालय दोगडाकेदार-४ पिपलकोट प्रथम भएको छ । श्री केदार माविले प्रथम हुँदै आठ स्वर्ण, तीन रजत र तीन कास्य पदक जितेको हो । सनातन धर्म माध्यमिक विद्यालय दोगडाकेदार-३ श्रीकोट छ स्वर्ण, सात रजत र नौ कास्यसहित द्वितीय स्थान हासिल गरेको छ भने भगवती माध्यमिक विद्यालय सित्तड छ स्वर्ण, तीन रजत र चार कास्य हात पार्दै तृतीय स्थान हासिल गरेको हो ।


सुदूर पश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
## महाकाली प्रादेशिक अस्पताल
महेन्द्रनगर कंचनपुर

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः (२०८१।०९।२९ (13th Jan 2025)

महाकाली प्रादेशिक अस्पतालबाट मिति २०८१।०८।०७ गते प्रकाशित सूचना अनुसार EGP मार्फत दाखिला हुन आएका तपशिलका प्राविधिक बोलपत्रहरु सारभुतरुपमा सफल भएकाले उक्त बोलपत्रदाताहरुले दाखिला गरेका आर्थिक बोलपत्रहरु तपशिलको मितिमा खोलिने भएकोले सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| कामको विवरण र ठेक्का नम्बर | आर्थिक प्रस्ताव खोलिने मिति र समय | सारभुतरुपमा सफल बोलपत्रदाताहरु |
|---|---|---|
| Construction of OPD First Floor and Pharmacy Building at Mahakali Provincial Hospital, Kanchanpur (IFB No. MPH/NCB/Works/2081/082/01 | 2082/10/07 (20th Jan 2025) at 1:00PM | National Construction Pvt Ltd Bhi. Na.Pa 7 Kanchanpur |
| | | Kanchan Rastriya Nirman Company Bhi.Na.Pa 6 Kanchanpur |
| | | A Plus-Unity JV Kathmandu-10 Shankhamul |

डा अर्जुन भट्ट
निमित मेडिकल सुपरिटेन्डेन्ट



## युएईमा रोजगार
कम्पनी : SUMI STAR INTERIORS AND EXHIBITIONS L.L.C
पूर्व स्वीकृति मिति : २०८१/०९/१४ LT. No. 316261 चलानी नं. ६०२३१२३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 35 | 0 | 1200 | ४५,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Decorator | 7 | 0 | 1200 | ४५,१८० | | | | | | | |
| 3 | Painter | 18 | 0 | 1200 | ४५,१८० | | | | | | | |
| 4 | Painter Assistant/wood | 15 | 0 | 1100 | ४१,४१५ | | | | | | | |

कम्पनी : {ROYAL PALACE FURNITURE INDUST. CO. {L.L.C
पूर्व स्वीकृति मिति : २०८१/०७/०१ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२८ LT. No. 312212 चलानी नं. ६०२२६६७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 6 | 0 | 1200 | ४५,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Curtain Tailor | 2 | 0 | 1200 | ४५,१८० | | | | | | | |
| 3 | Messengers | 4 | 0 | 1200 | ४५,१८० | | | | | | | |
| 4 | Sales Assisstant | 2 | 0 | 1200 | ४५,१८० | | | | | | | |
| 5 | Sales Officer | 1 | 0 | 5000 | १८८,२४५ | | | | | | | |
| 6 | Wood Painter | 6 | 0 | 1200 | ४५,१८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ७ गते (20th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1682/080/081
NEPAL WORLD OVERSEAS PVT.LTD
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, 1-4986470, Mobile: 9849478677, E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com



## साउदीमा रोजगार
कम्पनी : ABDAL HUMAN RESOURCES COMPANY IS A CLOSED JOINT STOCK COMPANY
पूर्व स्वीकृति मिति : २०८०/१०/०७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२८ LT. No. 285720 चलानी नं. ६०२०११०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | construction labour | 46 | 0 | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MY MODERN BUSINESS COMPANY FOR INDUSTRY
पूर्व स्वीकृति मिति : २०८१/०९/२८ LT. No. 316940 चलानी नं. ६०२३१२४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenters | 2 | 0 | 1300 | ४७,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ७ गते (20th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०



## युएइमा रोजगार
कम्पनी : Balanced construction LLC
पूर्व स्वीकृति मिति : २०८१/०९/२८ LT. No. 317011 चलानी नं. ६०२३१२२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 1 | 0 | 1200 | ४५,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ७ गते (20th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. २६४/०५८/०५९
SUPERB SOLUTIONS Pvt.Ltd.
P.O.Box: 2770, Kalimatidole, Kathmandu, Nepal. Tel: +977-1-4495108, 4461243,
Mobile No. 9811837449/9804376076



## युएइमा रोजगार
कम्पनी : PROFILE RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C.
पूर्व स्वीकृति मिति : २०८१/०९/२६ LT. No. 316927 चलानी नं. ६०२३१२२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 200 | 0 | 800 | ३३,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ७ गते (20th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1698/081/082
T.G.S. GROUP OF COMPANY PVT. LTD
Mandir Road, Dhapasi, Tokha, Kathmandu, Contact: +(977) 015921010, 015921011, Mob: 9813270899 9840845960, Email: info@tgsgroupco.com, Web: tgsgroupco.com



## कतारमा रोजगार
कम्पनी : Regal Facility Management Maintenance Services
पूर्व स्वीकृति मिति : २०८१/०९/२८ LT. No. 317000 चलानी नं. ६०२३१२३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Cleaner Worker | 1 | 0 | 1000 | ३७,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | labor services | 4 | 0 | 1000 | ३७,७६५ | | | | | | | |
| 3 | Security Guard | 2 | 0 | 1500 | ५६,६४५ | | | | | | | |
| 4 | Supervisor | 2 | 0 | 2500 | ९४,४१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ७ गते (20th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

# दक्षिण कोरियाका निलम्बित राष्ट्रपति युन पहिलो महाभियोग सुनुवाइमा उपस्थित नहुने



**सियोल–** दक्षिण कोरियाका निलम्बित राष्ट्रपति युन सुक योल सुरक्षा चिन्ताका कारण आगामी साता हुने उनको महाभियोग मुद्दाको पहिलो सुनुवाइमा उपस्थित नहुने उनका वकिलले आइतबार बताएका छन् । गत महिना मार्सल लको अल्पकालीन घोषणाले देशलाई राजनीतिक अराजकतामा डुबाएपछि निलम्बन र महाभियोग लागेपछि युन राष्ट्रपति निवासमा एलिट सुरक्षा बलको सुरक्षामा बसिरहेका छन् ।

उनले अभियोजक र अनुसन्धानकर्ताहरूलाई भेट्न अस्वीकार गरेका छन् र उनको प्रेसिडेन्सियल गार्ड युनिटले यस महिनाको सुरुमा तनावपूर्ण, लामो गतिरोधपछि उनलाई पक्राउ गर्ने प्रयासलाई विफल पारेको थियो । संवैधानिक अदालतले जनवरी १४ देखि फेब्रुअरी ४ सम्मका पाँचवटा सुनुवाइको मिति तय गरेको छ । ती सुनुवाइमा उनी उपस्थित भएनन् भने उनको अनुपस्थितिमा सुनुवाइ अगाडि बढ्ने छ ।

'सुरक्षा र सम्भावित घटनाहरूका बारेमा चिन्ता उत्पन्न भएको छ । तसर्थ राष्ट्रपति जनवरी १४ मा सुनुवाइमा उपस्थित हुन सक्नुहुन्न,' वकिल युन कब-केउनले एएफपीलाई पठाएको विज्ञप्तिमा भने, 'सुरक्षा मुद्दाहरू समाधान भएपछि राष्ट्रपति कुनै पनि समयमा उपस्थित हुन तयार हुनुहुन्छ ।'

अदालतले उनको महाभियोग कायम राख्ने वा उनलाई कार्यालयमा पुनर्स्थापित गर्ने निर्णय गर्ने छ । छुट्टै, उनको असफल सैन्य शासन घोषणासँग सम्बन्धित विद्रोहको आरोपमा युनसँग सोधपुछ गर्न खोज्ने अनुसन्धानकर्ताहरूले अर्को गिरफ्तारी प्रयासको तयारी गरिरहेका छन् । उनका वकिलहरूले प्रारम्भिक सात दिने वारेन्ट र यो साता प्राप्त नयाँ वारेन्ट दुवै 'गैरकानुनी' भएको बारम्बार बताएका छन् । अनुसन्धानकर्ताहरूले नयाँ वारेन्टको अवधि गोप्य राखेका छन् । स्थानीय मिडिया रिपोर्टहरूले यो अघिल्लो सात दिनभन्दा लामो रहेको जनाएका छन् ।

### उच्च सतर्कता

संकट सुरु भएयता युनका पक्ष र विपक्षका प्रदर्शनकारीहरू दक्षिण कोरियाली राजधानीमा लगभग दैनिक जम्मा हुने गरेका छन् । युनको महाभियोगलाई अवैध घोषणा गर्न वा उनलाई तुरुन्तै हिरासतमा राख्न आह्वान गर्दै आइतबार युनको निवासबाहिर र सियोलको सडकमा थप प्रदर्शनको योजना बनाएका छन् ।

राष्ट्रपतिको कानुनी टोलीले उनका सुरक्षाकर्मीहरू 'उच्च सतर्कता' मा रहेको बताएको छ । अनुसन्धानकर्ताहरूले उनलाई हिरासतमा लिन सकेमा युन पक्राउ पर्ने पहिलो दक्षिण कोरियाली राष्ट्रपति बन्ने छन् । दोषी ठहर भए उनलाई जेल वा मृत्युदण्डसम्म हुनसक्छ । भ्रष्टाचार अनुसन्धान कार्यालय (सिआइओ) का अधिकारीहरू र प्रहरीको टोलीले अर्को प्रयासको योजना बनाइरहेका छन् । यो उनीहरूका अनुसार अन्तिम हुनसक्छ ।

सिआइओले कसैले पनि उनीहरूको प्रयासमा बाधा पुऱ्याएमा उनीहरूलाई पनि हिरासतमा लिन सकिने बताएको छ र प्रहरीले शुक्रबार नयाँ प्रयासको योजना बनाउन वरिष्ठ कमान्डरहरूको बैठक गरेको बताइएको छ । पूर्वराष्ट्रपति सुरक्षा सेवा (पिएसएस) प्रमुख पार्क चोङ-जुनले पत्रकारहरूलाई कुनै पनि दोस्रो गिरफ्तारी प्रयासमा कुनै रक्तपात नहुनुपर्ने बताए । पार्कले शुक्रबार राजीनामा दिएर स्वतः अझ कट्टर युन समर्थकद्वारा प्रतिस्थापित भएका छन् ।

उनले दुई दिनको सोधपुछको सामना गरे र आफ्नो राजीनामाको कारण बताएनन् । 'म अधिकारीहरूको अनुसन्धानमा सकेसम्म लगनशील भई सहयोग गर्दै छु,' उनले शनिबार पत्रकारहरूलाई भने । उनको प्रतिस्थापन, कार्यवाहक पिएसएस प्रमुख किम सेओङ-हुनले युनको सुरक्षा गर्नुपर्ने भन्दै शनिबार तेस्रो समनमा उपस्थित हुन अस्वीकार गरे । यसले उनलाई सम्भावित गिरफ्तारीको जोखिममा पारेको छ । सेवाको सुरक्षा र संरक्षण विभागका प्रमुख ली जिन-हालाई शनिबार सोधपुछ गरिएको थियो ।

प्रहरीको एक एकाइ नेसनल अफिस अफ इन्भेस्टिगेसनले सियोलका उच्च पदस्थ प्रहरी अधिकारीहरूलाई एउटा नोट पठाएर नयाँ प्रयासका लागि एक हजार अनुसन्धानकर्तालाई परिचालन गर्न तयार हुन अनुरोध गरेको योन्हाप समाचार एजेन्सीले जनाएको छ । संकट बढ्दै जाँदा युनको सत्तारुढ पार्टीले समर्थनमा वृद्धि देखेको छ । शुक्रबार प्रकाशित ग्यालप सर्वेक्षणले पिपल्स पावर पार्टीको स्वीकृति मूल्यांकन तीन हप्ता अघिको २४ प्रतिशतबाट बढेर ३४ प्रतिशत पुगेको देखाएको छ । *रासस/एएफपी*

# Harinas Rural Municipality

## Office of Municipal Executive

**Chitrebhanjyang, Syangja**

## Invitation for Bids

**First Date of Publication:2081/09/29(13th Jan)**

1. The Harinas Rural Municipality invites Electronic Bids from eligible Bidders **Procurement and Delivery of Medicine and Surgical item for Harinas Rural Municipality.**

| Contract Id. No: | Description of Project | BidSecurity amount (NRs.) | Bid Document Fee |
|---|---|---|---|
| HRM/SQ/G/02/081/082 | Procurement and Delivery of Medicine and Surgical item for Harinas Rural Municipality. | Nrs 51200/-(with validity 75 days ) | NRs 1000/- |

2. Bidder shall have the option of submitting their bids electronic only.
3. Matter not covered in this notice shall be accordance with prevailing rules and regulation of GON.
4 .Complete set of Bidding documents and required information can be obtained at Official website of PPMO e-Gp System i.e www.bolpatra.gov.np/egp
5.The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# गौरीशंकर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**सुरी, दोलखा**

## विद्युतिय खरिद प्रक्रिया मार्फत बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रकाशित मिति २०८१/०९/२९**

देहाय बमोजिमको कार्य विद्युतिय खरिद प्रक्रिया मार्फत बोलपत्र आह्वान गरी खानेपानी योजना निर्माण गर्नुपर्नेभएकोले ईजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुलाई मिति २०८१/१०/३० गते दिनको १२: ०० सम्म सार्वजनिक खरिद अनुगमन कार्यालयको website:- www.bolpatra.gov.np/egp मार्फत खरिद प्रकृयामा सहभागी हुन अनुरोध छ ।

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान (मु.अ.कर, PS रकम सहित र कन्टिजेन्सी बाहेक) | बोलपत्र जमानत रकम (रु) | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|
| 07/GRM/NCB/Works/ W.S/2081-82 | वडा नं. ३ र ४ खानेपानी आयोजना गौरीशंकर गा.पा, दोलखा | ९८,१३,८५९।४२ | २,५०,०००।०० | ३,०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**

# तालिबानलाई 'वैधता' नदिन मुस्लिम नेताहरूसँग मलालाको आग्रह



**इस्लामाबाद–** नोबेल शान्ति पुरस्कार विजेता मलाला युसुफजाईले आइतबार मुस्लिम नेताहरूसमक्ष अफगान तालिबान सरकारलाई 'वैधता' नदिन र महिला तथा बालिकाको शिक्षामाथिको प्रतिबन्धको विरोध गर्दै 'वास्तविक नेतृत्व' देखाउन आग्रह गरेकी छन् । 'उनीहरूलाई वैधता नदिनुहोस्,' पाकिस्तानको राजधानी इस्लामाबादमा आयोजित मुस्लिम राष्ट्रहरूमा बालिका शिक्षासम्बन्धी शिखर सम्मेलनमा शिक्षा अधिकारीहरूलाई सम्बोधन गर्दै २७ वर्षीया युसुफजाईले भनिन्, 'मुस्लिम नेताहरूका रूपमा अब आफ्नो आवाज उठाउने र आफ्नो शक्ति प्रयोग गर्ने समय हो । तपाईंहरूले वास्तविक नेतृत्व देखाउन सक्नुहुन्छ ।'

पाकिस्तानका शिक्षामन्त्री खालिद मकबुल सिद्दिकीले शनिबार एएफपीलाई बताएअनुसार निमन्त्रणा गरिए पनि अफगान तालिबान सरकारका प्रतिनिधिहरू दुई दिने कार्यक्रममा उपस्थित भएनन् । 'सरल भाषामा भन्नुपर्दा तालिबानले महिलाहरूलाई मानव प्राणीका रूपमा हेर्दैन,' युसुफजाईले सम्मेलनमा भने, 'उनीहरूले आफ्नो अपराधलाई सांस्कृतिक र धार्मिक औचित्यमा लुकाउँछन् ।' महिला शिक्षा अधिकारका लागि अभियान चलाउँदै गर्दा सन् २०१२ मा १५ वर्षीया स्कुलकी छात्रा हुँदा पाकिस्तानी तालिबानले युसुफजाईको अनुहारमा गोली हानेका थिए । *रासस/एएफपी*

# Bigu Rural Municipality

## Office of the Rural Municipal Executive

**Laduk, Dolakha**

**Bagmati, Province, Nepal**

## Invitation For Bids

**First date of publication:29 Paush,2081(13,January,2025)**

The Bigu Rural Municipality,Laduk,Dolakha invites electronic bids from eligible bidders as below.For further information visit PPMO'S website www.bolpatra.gov.np/egp or visit www.bigumun.gov.np.The summary of contract is tabulated below:

| S. No | Contract Identification No. | Description of Works | Bid Security amount NRs. | Bid document fee (non-refundable) NRs. | Bid validity/ Bid security validity period | Last date of bid submission | Last date of bid opening |
|---|---|---|---|---|---|---|---|
| 1. | BRM/SQ/GOODS/ MEDI/DOLAKHA/05/ 2081/82 | Supply & Delivery of Medicine and Supportive Devices | NRs. 50,000 | NRs.1,000 | 45 days/ 75 days | 15th Magh 2081 at 12:00 Noon | 15th, Magh 2081 at 2:00 P.M. |
| 2. | RE-BRM/SQ/GOODS/ TB/DOLAKHA/02/ 2081/82 | Procurement of Fabricated Steel Parts For Bharati Khola, Padheri ,orangkhola, chipledhunga, ward no 3 and 2 Jodne Trail Bridge | NRs. 22,400 | NRs.1,000 | 45 days/75 days | 7th Magh 2081at 12:00 Noon | 7th Magh, 2081 at 2:00 P.M. |

Information to deposit the cost of bid document: NIMB, Singati, Dolakha
Office Aaccount Details : 06701400250009 (Rajaswa khata no)

**Acting Chief Administrative Officer**


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मल: स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५५७०० | प्रति तोला - ० | प्रति तोला - १८६० |



**तरुलको सिजन** | माघे संक्रान्ति नजिकिँएसँगै बाँकेको नेपालगञ्ज उपमहानगरपालिकाको धम्बोझीचोकमा बर्दियाको तारातालबाट ल्याएर सखरखण्ड बेच्दै व्यापारी । *तस्बिरः रासस*

# विद्युत् चुहावट १२.७३ प्रतिशतमा सीमित

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले चुहावटलाई उल्लेख्यरूपमा घटाउन सफल भएको छ । प्राधिकरणले ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई बुझाएको विवरणअनुसार गत आवमा प्रणालीको विद्युत् चुहावट करिब १२.७३ प्रतिशतमा सीमित गरेको छ। चुहावट घटाउनु पनि कमाउनु हो भन्ने मूल मर्मलाई आत्मसात् गरेको प्राधिकरणले अनधिकृत विद्युत् चोरी तथा प्राविधिक चुहावटलाई कम गर्न अनेकन प्रयास गरिएको जनाएको छ।





आठ वर्षअघिसम्म प्रणालीमा २५.७८ प्रतिशत विद्युत् चुहावट भइरहेको थियो। आव २०७९/८० मा विद्युत् चुहावट १३.४६ प्रतिशत थियो । आव २०८०/८१ मा चुहावट १२.७३ प्रतिशतमा सीमित गरिएको विवरणमा उल्लेख छ । प्राधिकरणले गत आवमा १४ अर्ब ४६ करोड रूपैयाँ नाफा कमाएको थियो । आव २०७२/७३ मा एकै वर्ष आठ अर्ब ८९ करोड रूपैयाँ खुद नोक्सानीमा रहेको प्राधिकरणले ०७३/७४ मा एक अर्ब ५० करोड रूपैयाँ खुद नाफा कमाउँदै नाफाको इतिहास सुरू गरेको थियो। त्यसपछि प्राधिकरण निरन्तर नाफामा छ। आठ वर्षअघि ३४ अर्ब ६१ करोड रूपैयाँ सञ्चित घाटामा रहेको प्राधिकरणले अहिले ४७ अर्ब ४१ करोड रूपैयाँ सञ्चित नाफा गरेको छ।

प्राधिकरणले आठ वर्षमा विद्युतीकरणमा ठूलो सफलता हात पारेको छ। आव २०७२/७३ मा विद्युतीकरणको अवस्था ५८ प्रतिशतमात्र थियो। तीन वर्षअघि ८९.८ प्रतिशत रहेको विद्युतीकरण अहिले ९९ प्रतिशत पुगेको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले वित्तीय अवस्थामा थप सुधार, संस्थाभित्रको सुशासन, हरेक नागरिकको घरमा विद्युत् पुऱ्याउन विद्युतीकरण, विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो, गुणस्तरीय तथा सुरक्षित बनाउन प्रसारण र वितरणतर्फका पूर्वाधार संरचनाको विस्तार एवं सुदृढीकरणमा विशेष ध्यान दिइएको जानकारी दिए। यस्तै, उत्पादनतर्फका ठूला जलविद्युत् आयोजना अगाडि बढाउने, आन्तरिक रूपमा खपत वृद्धि तथा अतिरिक्त भएको विद्युत् निर्यातलगायतलाई उच्च प्राथमिकतामा राखी कार्य अगाडि बढाइएको उनको भनाइ छ।

देश लोडसेडिङमुक्त भएर नियमितरूपमा विद्युत् आपूर्ति हुन थालेपछि प्रणालीमा उत्पन्न भएको चुनौतीलाई सम्बोधन गर्न र उपभोक्तालाई विश्वसनीय र गुणस्तरीय विद्युत् आपूर्तिका लागि प्रणालीको पूर्वाधार विस्तार, सुधार एवं प्रविधिमार्फत स्वचालित गर्ने कार्यलाई विशेष प्राथमिकताका साथ अगाडि बढाइएको छ। इक्रा नेपालले गरेको क्रेडिट रेटिङमा प्राधिकरणले निरन्तर 'डबल ए प्लस' रेटिङ पाइरहेको छ।

गत आवको वर्षायाममा देशभित्र खपत गरी बढी भएको विद्युत् भारतर्फ निर्यात गरी १७ अर्ब सात करोड रूपैयाँ आम्दानी गरेको थियो । गत आवमा आयातभन्दा करिब १३ करोड रूपैयाँ बढीको विद्युत् निर्यात गरी खुद विद्युत् आयातकर्ताबाट नेपाल खुद विद्युत् निर्यातकर्ता बनेर इतिहास बनाउन सफल भएको छ। चालु आर्थिक वर्षबाट प्राधिकरणले बंगलादेशलाई समेत बिजुली बेच्न सुरु गरेको छ।

# भन्सार प्रशासन चुस्त बनाउन निजी क्षेत्रको सुझाव

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** निजी क्षेत्रले व्यापार सहजीकरणका लागि भन्सार प्रशासन चुस्त बनाउन सुझाव दिएको छ । प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिमा आइतबार 'भन्सारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८० ' माथिको छलफलका क्रममा निजी क्षेत्रका सरोकारवालाले भन्सार जाँचपासका क्रममा प्रक्रियागत झन्झट हटाउनुपर्ने, कर्मचारीको तजविजी अधिकार कटौती गर्नुपर्नेलगायतका सुझाव दिएका छन्।

समितिले आइतबार नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्ससँग विधेयकमाथि छलफल गरेको हो । त्यस अवसरमा निजी क्षेत्रका प्रतिनिधिले वस्तुहरूको क्वारेन्टिन तथा गुणस्तर परीक्षणका लागि पर्याप्त पूर्वाधार तयार पारिनुपर्ने, धरौटी रकम घटाउनु आवश्यक रहेकामा जोड दिए।

नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले सूचना प्रविधि र विद्युत् व्यापारको विषयलाई विधेयकले समेट्न नसकेको बताए । 'प्रस्तावित विधेयकमा सफ्टवेयर निर्यातको विषयमा केही व्यवस्था गरिएको छैन। त्यस्तै विद्युत्को व्यापार भन्सारको दायरामा आउने वा नआउने भन्ने विषय स्पष्ट पारिएको छैन,' अध्यक्ष अग्रवालले भने । त्यस्तै, भन्सार जाँचपास प्रक्रियामा कुनै विवाद आएमा त्यसको निरूपणका लागि प्रशासकीय पुनरावलोकन गर्न अलग्गै न्यायिक निकायको स्थापना गरिनुपर्नेमा परिसंघले जोड दिएको छ।

नेपाल चेम्बर अफ कमर्शका उपाध्यक्ष दीपक श्रेष्ठले भन्सार र कर कार्यालयलाई राजस्व उठाउने लक्ष्य दिँदा त्यसको असर व्यवसायीले भोग्नुपरेको बताए। त्यस्तै, भन्सार जाँचपासका क्रममा प्रयोग हुने सन्दर्भ मूल्य पुस्तिका खारेज गरिनुपर्ने र 'हार्मनाइज्ड कोड' अनुसार वस्तुको वर्गीकरणलाई व्यवस्थित गरिनुपर्ने उनले सुझाव दिए।

नेपाल उद्योग वाणिज्य महासंघले भन्सार जाँचपासका क्रममा भन्सार कार्यालयले गरेको नमुना परीक्षण उपर चित्त नबुझेमा अन्य निकायबाट पनि चेकजाँच गर्न पाउने व्यवस्था गर्न सुझाव दिएको छ । भन्सार जाँचपासका क्रममा कुनै वस्तुमाथि भन्सार अधिकृतलाई शंका लागेर त्यस्तो वस्तुको जाँच गर्दा ५० प्रतिशत धरौटी राख्नुपर्ने विद्यमान व्यवस्थालाई संशोधन गरेर २५ प्रतिशत धरौटी राख्नुपर्ने व्यवस्था आवश्यक रहेको महासंघको भनाइ थियो। न्यून वा अधिक विजकीकरण गर्दा हाल सतप्रतिशत जरिवाना लाग्ने व्यवस्थालाई संशोधन गरेर ५० प्रतिशतमा झार्न पनि महासंघले सुझाव दिएको छ।

भन्सार जाँचपास प्रक्रियालाई थप प्रविधिमैत्री र सहज बनाउन तथा नेपाल पक्षराष्ट्र रहेको 'क्योटो' महासन्धि अनुकूल हुनेगरी भन्सार ऐन संशोधन आवश्यक रहेकाले सरकारले उक्त विधेयक ल्याएको हो । नेपाल संशोधित क्योटो महासन्धि सम्झौता र विश्व व्यापार संगठनको व्यापार सहजीकरण सम्झौताको पक्षराष्ट्र हो।

यी सम्झौताअनुसार संशोधित क्योटो महासन्धिका प्रावधानमध्ये सामान्य प्रावधानहरू सदस्य भएको तीन वर्षभित्र तथा संक्रमणकालीन मापदण्ड पाँच वर्षभित्र कार्यान्वयनमा ल्याइसक्नुपर्ने महासन्धिमा उल्लेख छ।

# क्यान महासंघद्वारा अध्यादेशको स्वागत

**काठमाडौं (प्रस)–** सरकारले नेपाली सूचना प्रविधि (आइटी) कम्पनीहरूले विदेशमा लगानी गर्न पाउने कानुनी प्रावधानका लागि अध्यादेशमार्फत कानुन संशोधन गर्ने निर्णय गरेपछि सूचना प्रविधि क्षेत्र उत्साहित बनेको छ । सूचना तथा सञ्चार प्रविधि क्षेत्रको छाता संगठन कम्प्युटर एसोसिएसन नेपाल महासंघ (क्यान महासंघ) ले सरकारको यो कदमलाई ऐतिहासिक निर्णयको रूपमा स्वागत गर्दै सूचना प्रविधि क्षेत्रमा नयाँ सम्भावनाको ढोका खुलेको प्रतिक्रिया दिएको छ।

शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले केही नेपाल ऐन संशोधनसम्बन्धी अध्यादेश स्वीकृत गरी नेपाली आईटी कम्पनीहरूले विदेशमा लगानी गर्न, शाखा खोल्न, कारोबार गर्न र त्यहाँको आम्दानी नेपाल भित्र्याउन पाउने कानुनी व्यवस्था गरेको छ । यस व्यवस्थाले नेपाली आइटी कम्पनीहरूलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्षम बनाउने र वैदेशिक मुद्रा आर्जनमा वृद्धि गर्ने विश्वास क्यान महासंघले व्यक्त गरेको छ।

क्यान महासंघकी अध्यक्ष सुनैना घिमिरे पाण्डेले सरकारको यो पहलकदमीले सूचना प्रविधि क्षेत्रमा ठूलो सुधार ल्याउने बताउँदै यसले नेपाली आइटी उद्योगलाई नयाँ दिशामा लैजान मार्गप्रशस्त गर्ने धारणा व्यक्त गरिन् । उनले क्यान महासंघले लामो समयदेखि यस्तो कानुनी सुधारको माग गर्दै आएको स्मरण गराउँदै नीतिगत सुधारसँगै यस क्षेत्रमा देखिएका समस्या र चुनौतीहरूको समाधानका लागि स्पष्ट कार्यक्रम ल्याउनुपर्नेमा पनि जोड दिइन्।

'नेपालको सूचना प्रविधि क्षेत्रको विकासका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक छ,' अध्यक्ष घिमिरेले भनिन्, 'नेपालबाट विदेशमा आइटी कम्पनी विस्तार गर्नेदेखि विदेशबाट नेपालमा गुणस्तरीय आइटी परियोजना ल्याउने वातावरण बनाउन अपरिहार्य छ।' उनले यहाँका श्रमशक्तिलाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउन सरकारबाट आवश्यक सहयोगको अपेक्षा व्यक्त गरिन्।

## कर्पोरेट

### मेटलाइफको 'सधैं तपाईंको साथ' कार्यक्रम सुरु



**काठमाडौं (प्रस)–** मेटलाइफ नेपालले मेटलाइफ 'सधैं तपाईंको साथ' कार्यक्रम सुरु गरेको छ । आफ्ना ग्राहकहरूसँग गहिरो सम्बन्ध बढाउन र निरन्तर सहयोग प्रदान गर्नका लागि उक्त कार्यक्रम सुरु गरिएको कम्पनीले जनाएको छ।

आफ्नो बिमा योजना र अतिरिक्त सेवाहरूबारे राम्ररी जानकारी प्रदान गर्दै उनीहरूलाई कम्पनीप्रति विश्वस्त रहन सुनिश्चित गर्ने लक्ष्य राखेको कम्पनीको भनाइ छ। 'यस कार्यक्रमको मुख्य उद्देश्य ग्राहकहरूलाई व्यक्तिगत सेवा प्रदान गर्ने प्रतिबद्धता रहेको छ । मेटलाइफका अभिकर्ताहरूले आफ्ना ग्राहकहरूसँग नियमितरूपमा सम्पर्कमा रहने छन् र परम्परागत बिमाको दायरालाई पार गरेर प्रत्यक्ष भेटघाट गर्ने छन्,' कम्पनीद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ। यी भेटघाटहरू केवल शिष्टाचार भेट मात्र नभई ग्राहकहरूलाई बिमा योजनाहरूको जानकारी र विभिन्न अन्य सेवाहरूको विस्तृत मार्गनिर्देशन प्रदान गर्दै सेवालाई प्रभावकारीरूपमा प्रयोग गर्न मद्दत गर्ने उद्देश्यले आयोजना गरिने कम्पनीले जनाएको छ।

### मञ्जुश्री फाइनान्सको नगद लाभांश प्रस्ताव पारित

**काठमाडौं (प्रस)–** मञ्जुश्री फाइनान्स लिमिटेडको १७औं वार्षिक साधारणसभा सम्पन्न भएको छ।

आइतबार सम्पन्न साधारणसभाबाट गत आर्थिक वर्ष २०८०/८१ का लागि प्रस्तावित ६.३५ प्रतिशत नगद लाभांश (करसमेत) वितरण गर्ने निर्णय पारित भएको उक्त संस्थाले जानकारी दिएको छ । सोही साधारणसभाबाट कम्पनीको सञ्चालक समितिमा संस्थापक समूहका सेयरधनीहरूको तर्फबाट तीनजना निर्वाचित भएका छन्। जसमा यादव अधिकारी, रामहरि



शर्मा र सुमनप्रसाद अधिकारी रहेका छन्। सर्वसाधारण समूहका सेयरधनीहरूको तर्फबाट सतिश गौतम निर्वाचित भएका छन्। उनीहरू चार जना नै निर्विरोध आगामी चार वर्षका लागि निर्वाचित भएको कम्पनीले जनाएको छ।

### बुटवल पावर कम्पनीको साधारणसभा सम्पन्न



**काठमाडौं (प्रस)–** बुटवल पावर कम्पनी लिमिटेडको ३२ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। आइतबार सम्पन्न सभाले सेयरधनीहरूलाई गत आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट चुक्ता पुँजीको पाँच प्रतिशत नगद लाभांश वितरण गर्नेलगायत निर्णय गरेको कम्पनीद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ।

नेपाल सरकारको आंशिक लगानी रहेका कारण कम्पनी ऐन, २०६३ बमोजिम सरकारको स्वीकृति लिएर सेयरधनीहरूलाई नगद लाभांश यथाशक्य छिटो वितरण गरिने कम्पनीको भनाइ छ । साधारणसभाको निर्णयबमोजिम एक करोड कित्ता सेयर प्रिमियम मूल्यमा थप सार्वजनिक निष्काशनका लागि नेपाल धितोपत्र बोर्डमा दरखास्त पेस गरी प्रक्रियामा रहेको जनाइएको छ।

**विज्ञापनसम्बन्धी बाँकी बक्यौता रकम भुक्तानी गरिदिनु हुन अत्यन्त जरुरी सूचना !**

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **प्रभाव दैनिक** पत्रिकामा विज्ञापन प्रकाशित गर्नुभएका सम्पूर्ण विज्ञापनदाता, म्यानपावर र संघ-संस्थाहरूले विज्ञापन प्रकाशित गरेबापतको बाँकी बक्यौता रकम यही २०८१ साल **पुस मसान्त**भित्र भुक्तानी गरी आफ्नो हरहिसाब मिलान गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि
तथा
प्रभाव दैनिक
सिफल-७, काठमाडौं
फोन नं. ०१-४३७३५७७, ०१-४५८४३६८
marketing2prabhab@gmail.com, prabhabdailynews@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ